## यस अंकमा


२ मुक्त कमैयाद्वारा संचालित सहकारी संस्था
- भानु पराजुली

४ लामो अवधिको व्यावसायिक तालिम: समुदायको सेवा र जीविकोपार्जनमा सहयोग
- राजेन्द्र अधिकारी

५ आरआरएन तिमीलाई स्वागत छ
- डम्बरबहादुर दाहाल

६ ईलाम जिल्लामा आरआरएन एक झलक
- लीलबहादुर कार्की

९ अंकल, म त प्राय भुईंमै बस्छु
- विश्वमणि खनाल

१० नदी नियन्त्रण कार्यक्रमद्वारा गाउँ बचाउनमा सहयोग
- बसन्तलक्ष्मी उदास

११ खेर गएको पानीबाट सिंचाई
- निरज राउत

१२ कल्भर्ट निर्माणबाट गाउँबस्तीमा खुसियाली
- विकास चौधरी

१३ तेस्रो विश्वको विकास प्रक्रियामा महिलाको स्थान र भूमिका : नीतिगत दृष्टिकोण र कार्यक्रम एक चर्चा
- विष्णुराज सुवेदी

१६ आरआरएनलाई शुभकामना
- राजन खत्री/राजेन्द्रप्रसाद चौधरी

१७ महिला सहभागिता बढाउन संघ संस्थाको भूमिका
- द्रौपदी भण्डारी

१८ यसरी जुटे सापातेलीहरू
- विकास न्यौपाने

१९ बालहितमा बाल सहभागिता
- भरत कुसुवार

२१ आरआरएन गतिविधि






वर्ष १२ अंक १ वैशाख-असोज २०६२

**सल्लाहकार**
डा. अर्जुन कार्की
डा. ऋषि अधिकारी

**सम्पादन**
प्रेमकला नेम्बाङ्ग

**आवरण तथा लेआउट**
ग्राफिक वर्कशप
४२४२०७२, बागबजार

**प्रकाशक**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**


पो.ब.नं. ८१३०
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्स: ४४१८२९६
इमेल: rrn@rrn .org .np
वेबसाइट: www.rrn .org .np

# विकासमा महिलाको सहभागिता

विकासको लागि महिलाहरुको भूमिका अनिवार्य हुन्छ भन्ने मान्यतालाई सारा देशहरुले महत्व दिदैं आएका छन् । उनीहरुलाई विकासमा समाहित गर्नका लागि विभिन्न अवधारणाहरु–विकासमा महिला, महिला विकास र लैंगिक र समानता आदिको जन्म भएको छ । महिला विकास सम्बन्धी ल्याइएका नीति, परियोजना र कार्यक्रमहरुले पनि केही दशकहरु पार गरिसकेका छन् । यी नीति तथा कार्यक्रमहरुलाई अगाडि बढाउनका लागि विभिन्न दृष्टिकोणहरू–कल्याणकारी, समन्यायिक, गरिबी बिरोधी, सक्षमीकरण र सशक्तिकरण– ल्याइएको छ । कुनैपनि विकासका आन्दोलनहरू महिला पुरुष दुवैको सहभागिताबिना सफल हुन सक्दैन भन्ने कुरालाई सबैले आत्मानुभूति गरेको पाइन्छ । यसमा महिला मात्र हैन कुनै क्षेत्र र जाति विशेषमा पुरुष पनि पिछडिएका छन् भने तिनीहरूलाई वर्गलाई समेटेर लैंगिक सन्तुलन गर्नु नै देशको विकास हो ।

नेपालको सन्दर्भमा महिलाको विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू छैटौं योजनामा नै संलग्न गरेको पाइन्छ । यी नीतिहरूलाई कार्यान्वयनमा ल्याउनको लागि देशमा छुट्टै महिला मन्त्रालय, केन्द्रमा महाशाखा र जिल्लाहरूमा महिला विकास शाखाहरू खुलेका छन् । राज्यले महिला हकहितका सम्बन्धमा थुप्रै राष्ट्रिय संकल्प एवं अन्तर्राष्ट्रिय प्रतिबद्धतामाथि समर्थन जनाएको छ । महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलन गर्ने महासन्धि, महिलाको राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा नेपालले समर्थन गरेको छ । देशको विकासको मूलधारमा महिलालाई ल्याउन चेतना अभिवृद्धि गरी उनीहरूलाई विभिन्न सामाजिक, आर्थिक, राजनैतिक क्रियाकलापमा सहभागी गराउनु पर्छ भन्ने नीति निर्माण पनि गरेको पाइन्छ । यसकारण आजभोलि सामाजिक परिवेशमा आएको परिवर्तनसँगै नेपाली महिलाहरूमा आफ्नो अधिकारप्रति चेतना बढ्दै गएको पनि पाइन्छ । महिलाहरूमाथि समानताको व्यवहार गर्न राज्य र समाजमाथि दबाब पनि बढ्दै गएको छ ।

तर व्यवहारमा भने आधा आकाश ढाकेका महिलाहरूको स्थिति घर चलाउने कुरामा मात्र सीमित छ । उनीहरूलाई समानता, अवसर र क्षमता अभिवृद्धिका कुरामा सधैं ओझेलमा पारेको पाइन्छ । लैंगिक असमानता झल्किने कानूनी प्रावधान समयानुकूल संशोधन गर्नेतर्फ खासै पहल दिइएको पाइदैंन । त्यस्तै महिलामाथि हुने हिंसा उन्मूलन गर्ने प्रयासहरू असफल भएको देखिन्छ । महिलालाई राजनीतिक प्रक्रिया, आर्थिक विकास एवं सामाजिक कार्यमा पूर्ण रुपमा सहभागी गराउन सकिएको छैन । धार्मिक अन्धविश्वास, सामाजिक परम्परा, अशिक्षा र आर्थिक विपन्नताका कारण पनि महिलाहरूप्रतिको लैंगिक भेदभाव कायमै छ । त्यसैले राज्यले लैंगिक समानता र न्यायका लागि औपचारिक घोषणामा मात्र सीमित नरहेर प्रभावकारी कार्यान्वयन पक्षमा बढी ध्यान पुऱ्याउनु जरुरी छ ।

अन्त्यमा आरआरएनद्वारा प्रकाशित यो चौमासिक पत्रिका (वर्ष १२ अंक १) यिनै विषय–वस्तुसँग सम्बद्ध छ । सदा झैं तपाईहरूको सुझावहरूको आशाका साथ ।

धन्यवाद

# मुक्त कमैयाद्वारा संचालित सहकारी संस्था

**भानु पराजुली**
संयोजक, आरआरएन, कञ्चनपुर



२०५८ साल असारमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था– आरआरएनद्वारा दैजी गाविस-३, बीचफाँटा मुक्त कमैया शिविरमा २५/२५ जनाको दुइवटा आमा समूह स्थापना गरी मासिक रुपैयाँ १० बचत जम्मा गर्ने व्यवस्था गरिएको थियो । बचतले ठूलो रुप धारण गरेपछि स्थानीय मुक्त कमैयाहरूले त्यसलाई एउटा सहकारी संस्थामा परिणत गरेका थिए । उक्त सहकारीको नाम हो "बत्छेला बचत तथा ऋण सहकारी संस्था", यो संस्था दर्ता गराउँदा आरआरएनले ८५ हजार रुपैयाँ सहयोग प्रदान गरेको थियो । यसरी सानो बचत समूहबाट शुरु भएको संस्था मुक्त कमैया बस्तीमै एकमात्र भरपर्दो तथा सहयोगी ऋण दिने सहकारी संस्थाको रुपमा स्थापित हुनु उदाहरणीय बनेको छ ।

बत्छेला बचत तथा ऋण सहकारी संस्थाले अहिले आफ्ना शेयर सदस्यहरूलाई बाखा पालन, बंगुर पालन, खुद्रा व्यापार संचालन गर्न तथा बीउ बिजन खरिद गर्ने जस्ता आय आर्जनका काम गर्न सस्तो दरमा ऋण सुविधा स्थानीय गाउँमै उपलब्ध गराइरहेको छ । अब ऋण लिन कमैयाहरूलाई साहु महाजन कहाँ धाउनु पर्दैन भने धितोको बाध्यता पनि छैन ।

बत्छेला बचत तथा ऋण सहकारी संस्थाको कार्य समितिमा ६ महिला सहित ९ जनाको सहभागिता रहेको छ । उपाध्यक्ष तथा कोषाध्यक्ष जस्तो जिम्मेवार पद पनि महिला कै हातमा रहेको छ । बत्छेला बचत तथा ऋण सहकारी संस्थाको स्थापना पछि आफ्ना सदस्यहरूको आय स्तरमा निकै सुधार भएको कुरा सो संस्थाका अध्यक्ष सुक्रिया राना बताउनुहुन्छ ।

उक्त सहकारी संस्थाबाट पाँच हजार ऋण लिई बंगुर पालन गरेकी पुहन देवी डंगौराले पनि १४ हजार रुपैयाँमा बंगुरका बच्चाहरू विक्री गरी छोराको विहे गरिन् । उनले दोस्रोपटक छ हजारमा बंगुरका बच्चाहरू विक्री गरी गाढा पनि खरिद गरेकी छिन् । अहिले पुहन देवीसँग माउ बंगुर भने छदैछ र संस्थाको ऋण पनि चुक्ता भइसकेको छ ।

सहकारी संस्थाबाट ऋण लिएर खुद्रा व्यापार सञ्चालन गर्ने जुगुरी डंगौराले पनि काठको खोका बनाएर घरमा टिभी समेत राखेको कुरा बताउनुहुन्छ । रेश्मी देवी डगौराले भने पाँच हजार ऋण लिएर श्रीमान्को लागि रिक्सा खरिद गरेको र अहिले राम्रोसँग घरखर्च चलिरहेको बताइन् । यसरी सहकारी संस्थाबाट ऋण लिएर आफ्नो आर्थिक अवस्था सुधार गर्नेहरू थुप्रै भेटिन्छन् ।

## कमैया मुक्तिका ५ वर्ष मुक्त कमैया भिकारी राना के गर्दैछन् ?



बत्छेला बचत तथा ऋण सहकारी संस्थाबाट २०५९ सालमा पाँच हजार ऋण लिएर सानो कोठामै खुद्रा व्यापार शुरु गरेका भिकारी रानाले अहिले संस्थाको ऋण चुक्ता गरी चार कोठाको पक्की घर बनाएका छन् । अहिले उनी करिब आठ हजार बराबरको खुद्रा व्यापारका मालिक पनि हुन पुगेका छन् । झण्डै २० वर्षसम्म मालिक कहाँ कमैया जीवन बिताएर मात्रै २०५७ साउन २ गते मुक्त हुन पुगेका भिकारी रानाको परिवार दैजी वार्ड नं. ३ मुक्त कमैया शिविरमा नमूनाको रुपमा परिचित छ ।

उनलाई अहिले दुई छोरा, एक छोरी, श्रीमती र आफू गरी पाँच जनाको परिवार पाल्न कुनै आपत्ति छैन । मालिक कहाँ दिनको १६ घण्टा काम गर्नुको साथै श्रीमती र छोराछोरीले समेत दिनरात काम गर्दापनि जीवनयापन गर्न मुश्किल पर्थ्यो । हाल उनको छोराछोरीहरू स्कूल पढ्दैछन् । उनको घर खर्च पनि चलेकै छ र छिट्टै माछापालन व्यवसाय शुरु गर्दैछन् । भिकारी भन्छन् , "पोखरी तयार भइरहेको छ महिना दिनभित्रै दुई सय भुरा माछा राख्छु ।"

मुक्त कमैया शिविरमा माछापालन अहिले कसैले शुरु नगरेको हुँदा आफूलाई नयाँ व्यवसायबाट ठूलो सफलता मिल्ने कुरामा राना ढुक्क देखिन्छन् । उनले माछा पालनका लागि सहकारी संस्थाबाट पाँच हजार रुपैयाँ ऋण लिइसकेको र बाँकी आवश्यक आठ हजार आफैले जुटाउने तयारीमा छन् । उनी विश्वासका साथ भन्छन्, "ऋण परिचालन गर्न जान्नुपर्छ व्यापारमा फाइदा नै फाइदा हुँदोरहेछ ।"

भिकारी रानासँग अहिले एक गैर सरकारी संस्थाले उपलब्ध गराएका एकजोडी सुंगुर पनि छन् । सुंगुरको लागि ३,४७० रुपैयाँको लागतमा उनले एउटा पक्की खोर समेत बनाएका छन् । सुंगुरले बच्चा जन्माएपछि खोर सानो हुनेहुँदा उनी अहिले सुंगुरको लागि नयाँ खोर समेत माछापोखरी नजीकै बनाउने योजना बनाइरहेका छन् ।

आफ्नो मेहनत र पसिनाले आज आफू लगायत परिवारहरूले मुक्त जीवनको वास्तविक अनुभूति समेत गरिरहेको राना बताउँछन् । आफ्नो मेहनतमा विश्वास गर्ने राना फेरी भन्छन्, "मुक्तिपछि आफूले आफ्ना लागि पसिना बगाएको छु । समुदायमा आरआरएनले सहकारी संस्था खोल्न आर्थिक र नैतिक सहयोग नगरेको भए आज मेरो परिवारको यो प्रगति हुने थिएन ।"

# लामो अवधिको व्यावसायिक तालिमः समुदायको सेवा र जीविकोपार्जनमा सहयोग

**राजेन्द्र अधिकारी**
आरआरएन, सुनसरी

समुदायको आवश्यकताको आधारमा समुदायद्वारा छनौट गरी समुदायकै प्रत्यक्ष सहभागिता र अगुवाईमा लागू गरिएको योजनाहरुको उपलब्धि दिगो र स्थायीरुपको हुन सक्छ । यसै तथ्यलाई मध्यनजर गर्दै नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम संचालन गर्दै आएको छ ।

**गाउँमा कृषि सम्बन्धी रोग तथा अन्य समस्या देखा पर्‍यो भने मलाई नै सोध्छन् र म पनि जानेको कुरा सिकाइदिन्छु**

ग्रामीण क्षेत्रका पछाडि पारिएका र सिमान्त भूमिहीन समुदायका आवश्यक्ता र उनीहरुको छनौटलाई मुख्य प्राथमिकतामा राखेर काम गर्नुपर्ने मुख्य उद्देश्य लिएको यस कार्यक्रम अन्तर्गत ग्रामीण साना किसानहरुसँग सम्बन्धित विभिन्न किसिमका तालिम जस्तैः तरकारी खेती, कुखुरा पालन, गाई, भैंसी पालन आदिसँग सम्बन्धित छोटो अवधि (७ दिन) को तालिमहरु तथा विभिन्न विषयसँग सम्बन्धित लामो अवधि (३५ दिन देखि २ महिना सम्म) को व्यावसायिक तालिमहरू संचालन गरिएका छन् । अर्थात यस्ता तालिमहरूले दिगो रुपमा ग्रामीण समुदायको जीविकोपार्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले स्थानीय समुदायको आवश्यकतानुसार समुदायले नै छनौट गरेर पठाएको एउटा समुदायको १ जना, विशेषगरी शिक्षित बेरोजगार व्यक्तिलाई यस्तो व्यावसायिक तालिममा सहभागी गराईन्छ ।

पूर्वाञ्चलका १० वटा जिल्लाका विभिन्न विषयसँग सम्बन्धित ११८ जना सहभागीहरूलाई लामो अवधिको व्यावसायिक तालिमको समन्वय गर्ने र संचालन गर्ने जिम्मेवारी सुरुदेखि नै आरआरएन, सुनसरी जिल्ला परियोजना कार्यालयले पाएको छ । यहाँबाट तालिम लिएर गएको व्यक्तिले समुदायको सेवा तथा आफ्नो जीविकोपार्जनको लागि त्यस समुदायमा बसी तालिम लिएको विषयसँग सम्बन्धित कार्यगर्नु पर्ने भनि सहभागीहरू छनौटका केही मापदण्डहरू तोकेको फर्म तय गरी पूर्वाञ्चलको १० वटा जिल्लामा पठाईएको थियो । तालिमको अनुगमन तथा समापन गर्ने क्रममा केही सहभागीहरूलाई तालिमसँग सम्बन्धित प्रश्नहरू सोधिएको थियो । रेडियो, टि.भि, घडि मर्मत सम्बन्धी तालिम लिन आएका भोजपुर बोयाका भरत थापा आफू शारीरिक रुपमा पनि अपाङ्ग भएको र समुदायको पनि आवश्यकता भएकोले यो तालिम उपयुक्त भएको कुरा बताउंछन् । यसै सन्दर्भमा भरत थापासँग गरेको कुराकानी यस प्रकार छ ।

**प्रश्नः तालिम लिन कसरी आउनु भयो ?**

- आरआरएनको कर्मचारीबाट यस्तो तालिमको जानकारी भयो र समुदायको मानिसले पनि मलाई नै पठाउनु भयो ।

**प्रश्नः किन तपाई यही तालिम लिन आउनु भएको हो ?**

- म आफू शारीरिक रुपमा अपाङ्ग भएकोले र समुदायले पनि मलाई अन्य तालिमको सट्टा यै

तालिम लिन पठाउनु भयो र मलाई पनि यही उपयुक्त लाग्यो यसले आफ्नो जीविकोपार्जनमा पनि सहयोग पुग्ने आशा राखेको छु ।

**प्रश्नः तालिम लिएर गएर के गर्नु हुन्छ ?**

- सिकेको कुरालाई व्यवहारमा उतार्ने छु ।

**प्रश्नः यसले तपाईको जीविका चल्छ र ?**

- मलाई विश्वास छ, यदि मैले मेहनतका साथ व्यवहारमा उतारे भने अवश्य चल्छ ।

त्यस्तै उमेश चौधरी सुनसरीको पिछडिएको गाविस चिमडीको चौधरी समुदायबाट ३५ दिने ग्रामीण कृषि कार्यकर्ता तालिमको लागि छानिएर आएका थिए र हाल उनी तीलम सकेर आफ्नो गाउँ फर्किसकेका छन् । केही समय पछाडि नै आफ्नै गाउँमा कृषिसँग सम्बन्धित संस्थामा कार्य गर्ने अवसर पाईसकेका छन् । यसै सन्दर्भमा उनी भन्छन् । "आफ्नो लगायत गाउँको नै मुख्य पेशा पनि कृषि हो र यसैसँग सम्बन्धित तालिम पाइयो र त्यसलाई तुरुन्तै व्यवहारमा उतार्न सजिलो भएको छ । गाउँमा कृषि सम्बन्धी रोग तथा अन्य समस्या देखा पऱ्यो भने मलाई नै सोध्छन् र म पनि जानेको कुरा सिकाइदिन्छु । अर्को कुरा मैले त्यही विलड भन्ने संस्थामा रोजगारी पाएको छु र त्यहाँ पनि कृषिसँग सम्बन्धित कार्य गर्नुपर्छ । त्यसैले गर्दा तालिमबाट मलाई ठूलो उपलब्धि मिलेको छ ।"

एक महिना अगाडि बिजुलीको तार जडान गर्ने (House Wiring) को दुई महिने तालिम सकेर आएका सुनसरी जिल्ला महेन्द्रनगर गाविसका सुन्दर खड्का आफ्नै गाउँमा बिजुली तार जडान गर्नमा व्यस्त छन् । उनी भन्छन्, "३ घरमा जडान गरिसके अब अरु पनि थुप्रै छन् ।"

यसरी समुदायको आवश्यकता र सहभागीको चाहनाको आधारमा उपलब्ध गराईएका यस्ता व्यावसायिक तालिमहरूले केही हदसम्म जीविको पार्जनमा सहयोग पुग्ने र समुदायले पनि स्थानीय रुपमा नै केही सस्तो मूल्यमा सेवा प्राप्त गर्न सक्ने कुरामा विश्वास गरिएको छ । ✍



# आरआरएन तिमीलाई स्वागत छ

**डम्बर बहादुर दाहाल**

धरमपुर ८, झापा

आरआरएन तिमीलाई स्वागत छ
हाम्रो दुःख देखेकोमा
आरआरएन तिमीलाई स्वागत छ
किसानको मर्म बुझेकोमा,

आरआरएन तिमीलाई स्वागत छ
पिछडिएको समाज देखेकोमा
आरआरएन तिमीलाई स्वागत छ
खेर गएको परिश्रम रोकेकोमा,

आरआरएन तिमीलाई स्वागत छ
समान दृष्टिले हेरेकोमा
आरआरएन तिमीलाई स्वागत छ
किसानको पहिचान दिएकोमा,

आरआरएन तिमीलाई स्वागत छ
गाउँ गाउँमा हात फिजाएकोमा
आरआरएन तिमीलाई स्वागत छ
सुकेको खेत भिजाएकोमा,

आरआरएन तिमीलाई स्वागत छ
लुकेको प्रतिभा खोजेकोमा
आरआरएन तिमीलाई स्वागत छ
महिला र पुरुष समान देखेकोमा । ✍

# इलाम जिल्लामा आरआरएन एक झलक

**लिल बहादुर कार्की**
जिल्ला संयोजक, आरआरएन, इलाम

**इलाम जिल्ला एक संक्षिप्त परिचय**

नेपाल अधिराज्यको सुन्दरतम् जिल्लाको रुपमा परिचित इलाम पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा अवस्थित छ। जिल्लाको पूर्वमा भारतको दार्जिलिङ्ग, उत्तरमा पाँचथर, पश्चिममा मोरङ्ग र पांचथर र दक्षिणमा झापा जिल्लासंग सिमाना जोडिएको यस जिल्लाको भौगोलिक अवस्थिति २६°४०' उत्तरी अक्षांश देखि २७°०८' उत्तरी अक्षांश सम्म र ८७°४०' पूर्वी देशान्तर देखि ८८°४०' पूर्वी देशान्तर सम्म फैलिएको छ। १ नगरपालिका, ४८ गाविस, ११ वटा इलाका र ३ वटा निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लाको क्षेत्रफल १७०३ वर्ग कि.मी रहेको छ । आठ "अ" को प्रसिद्धि कमाएको यस जिल्लामा अदुवा, अलैची, अम्रिसो, ओलन (दुध), अकबरे खुर्सानी, आलु, अर्थोडक्स चिया तथा अतिथि सत्कार आय आर्जनका प्रमुख स्रोतहरू रहेका छन। वि.सं. २०५८ को जनगणना अनुसार यहाँको कूल धरधुरी संख्या ५४,५६५ छ र जनसंख्या कूल २,८२,८०६ छ। जसमा महिला १,४०,३७२ र पुरुष १,४२,४३४ रहेका छन् । जनधनत्व १६६.०६ प्रति वर्ग कि.मी छ।

इलाम जिल्ला एक बहुजातिय, बहुभाषिक र बहुधार्मिक मानिसहरू बसोबास गर्ने जिल्लाको रुपमा परिचित छ। यहाँको उच्च पहाडी ग्रामीण बस्तीहरूमा लिम्बु र राई किराँती, भोटे र शेर्पा तथा मगर बसोबास गर्दछन्। होचा पहाडी बस्तीहरूमा ब्राम्हण र क्षत्रीको बाहुल्यता पाईन्छ । तर सामान्यतया सबै उच्च पहाडी मध्य पहाडी तथा शिवालिक क्षेत्रका प्राय सबै ठाउँमा विभिन्न जाति तथा जनजातिको मिश्रित बस्ती रहेको पाईन्छ। यस जिल्लामा हिन्दु धर्मालम्बीहरूको बाहुल्यता रहेको छ । वि.सं. २०५८ को जनगणना अनुसार ६३ प्रतिशत हिन्दु, १६ प्रतिशत बौद्ध, १९ प्रतिशत



किराँत धर्मालम्बी रहेको पाइन्छ। जिल्लामा ५८.७ प्रतिशत नेपाली, १६.२ प्रतिशत राई किराँती, ११.३ प्रतिशत लिम्बु, ४.३४ प्रतिशत तामाङ्ग र ३.६४ प्रतिशत मगर भाषीहरू रहेका छन् । समुद्र सतहबाट ६०० मिटर देखि १,६०० मिटरको उचाईमा रहेको इलाम नगरपालिकाले १,८६५ हेक्टर क्षेत्रफल ओगटेको छ। २०५८ को जनगणना अनुसार यहाँको जनसंख्या १६,९६५ पुगेको छ । जिल्लाको शैक्षिक केन्द्रको रुपमा रहेको यस नगरपालिकामा मानविकी, शिक्षा तथा कानूनमा स्नातकसम्मको शिक्षाको लागि त्रि.बि. अन्तर्गत संचालित एक आङ्गीक क्याम्पस रहेको छ।

सन् १९९८ को UNDP को मानव विकास सूचकाङ्क अनुसार इलाम जिल्ला ७५ जिल्लाहरू मध्ये ११ औं स्थानमा रहेको छ । जसअनुसार यस भन्दामाथि पर्ने जिल्लाहरूमा पूर्वाञ्चलको सुनसरी, तेह्रथुम, झापा, धनकुटा र मोरङ्ग पर्दछन् भने मध्यमाञ्चलका काठमाण्डौं, ललितपुर र भक्तपुर छन्, पश्चिमाञ्चलका कास्की र तनहुँ जिल्लाहरू रहेका छन् । जिल्लामा १ जिल्ला अस्पताल, ३ प्राथमिक स्वास्थ्य केन्द्र, ७ स्वास्थ्य चौकी, ३८ उपस्वास्थ्य चौकी, २ आयुर्वेदिक औषद्यालयहरू रहेका छन्। शैक्षिक पूर्वाधारमा यस

जिल्लामा १ क्याम्पस, ११ उच्च मा.वि., ४८ मा.वि. र ३८५ प्रा.वि संचालनमा रहेका छन् । शैक्षिक सर्वेक्षणअनुसार जिल्लाको कूल साक्षरता ६२.५ छ, जसमा ६७.८३ प्रतिशत पुरुष साक्षर र ५७.२ प्रतिशत महिला साक्षर रहेको पाइन्छ ।

जिल्लाका बहुसंख्यक मानिसहरूको जीविकोपार्जन र रोजगारीको मुख्य स्रोत कृषि नै रहेको छ । विशेष चिया, अम्रिसो, अदुवा आदि जस्ता नगदेबालीले गर्दा कृषि रोजगारीको अवसर सृजना गरेको छ । दिनप्रति दिन यहाँका मानिसहरूको व्यवसायिक खेतीप्रणाली तर्फको संलग्नता बढ्दै गएको पाइन्छ । चियाखेतीको सन्दर्भमा यस जिल्लाले अधिराज्यमै विशिष्ट स्थान ओगटेको पाइन्छ । साथै पशुजन्य उत्पादनमा विशेषत दूध उत्पादनले यहाँका कृषकहरूको जीविकोपार्जनमा ठूलो टेवा पुऱ्याएको छ । यस जिल्लामा प्रति परिवार १ गाई र प्रति ४ परिवार १ भैंसी पाल्ने गरेको पाइन्छ । दूधालु गाईमा ४२ प्रतिशत र भैंसीमा १९ प्रतिशत रहेको छ । अन्य जिल्लाको तुलनामा यो जिल्ला उन्नत गाईपालन गर्ने अग्रणी जिल्लामा रहेको छ । पर्यटकीय दृष्टिले प्रशस्त संभावनाहरू बोकेको यस जिल्लाका रमणीय पर्यटकीय स्थलहरूमा माईपोखरी, श्रीअन्तु, सन्दकपुर, छिनतापु, माङ्गमालुङ्ग, पाँथीभरा, सिद्धिथुम्का, गजुरमुखी आदि रहेका छन् । यति हुँदाहुँदै पनि यो जिल्ला वर्तमान असहज अवस्थाबाट भने अछुतो रहन सकेको छैन ।

### जिल्लामा विकासको स्थिति

जिल्लाका सबै गाविसहरूमा विकासको स्थिति समान नरहेको पाइन्छ । विशेष गरेर जिल्लाका पश्चिम दक्षिणी र उत्तरी भेगका गाविसहरूमा शिक्षा, स्वास्थ्य, खानेपानी, बाटो, सिंचाई, बिजुली आदिका पूर्वाधारहरूको अभाव रहेको छ ।

### आरआरएनको इलाम जिल्ला प्रवेश र तत्कालीन अवस्था

गत वर्षको डिसेम्बर, २००४ देखि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) इलामले जिल्ला स्थित सरकारी एवं गैरसरकारी संस्थाहरूको समन्वयमा पिछडिएका १७ वटा गाविसहरूबाट कार्यक्रमको सुरुआत गरेको थियो । संस्थाले आर्थिक वर्ष २०६२/२०६३ को लागि जिल्लामा प्रस्ताव गरेको बजेट तथा कार्यक्रम आवधिक जिल्ला विकास योजना समीक्षा बैठकबाट पारित भै जिल्लामा कार्यक्रम संचालन गर्दै रहेको छ । यस जिल्लामा विशेष गरेर ग्रामीण क्षेत्रमा विकास निर्माणको अवस्था बिल्कुलै शुन्यप्राय रहेको अवस्थामा आरआरएन एक अग्रणी संस्थाको रुपमा स्थापित भैरहेको तथ्य स्थानीय उपभोक्ताहरू बताउछन् । वास्तवमा योजना संचालनको आठ महिने अवधिमा ग्रामीण क्षेत्रमा रहेको विकासको शून्यतालाई पूरा गर्दै स्थानीय आवस्यकतालाई सम्बोधन गर्ने संस्थाको रुपमा स्थापित हुँदै गइरहेको छ ।

विकास जनअधिकार हो र यसमा जनताको पहुँच हुनुपर्छ भन्ने अवधारणालाई आत्मसात गर्दै जिल्लाका ग्रामीण भेगमा बसोबास गर्ने छेउलागेका वर्गहरू, दलित, महिला तथा वर्तमान असहज परिस्थितिबाट प्रभावित जनसमुदायहरू माझ विकास निर्माणका कामहरू गर्दै संस्था अगाडि बढेको छ । संस्थाले ग्रामीण लेखाजोखाको आधारमा स्थानीय जनताहरूकै पहलमा योजनाको छनौट, व्यवस्थापन र स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोत साधन, रैथाने ज्ञान एवं सीपको परिचालन र प्रयोग गर्दै स्थानीय जनताहरूकै सहभागितामा हातेमालो गरी स्थानीय समस्या हल गर्ने गरेको छ । योजना सम्पन्न भए पश्चात योजना स्थलमै सार्वजनिक लेखापरीक्षण गरी योजना सम्बन्धित उपभोक्ताहरूलाई हस्तान्तरण गर्ने संस्थाको नीति अति प्रभावकारी, पारदर्शी, उदाहरणीय एवं प्रशंसनिय रहेको स्थानीय योजनाका उपभोक्ताहरूले बताउने गरेका छन् ।

### आरआरएनले जिल्लामा गरेका विकास गतिविधिहरू

कार्यक्रम संचालनको पहिलो वर्षमा आरआरएनले जिल्लामा १४ वटा विद्यालयहरूको भवन निर्माण, ३ वटा विद्यालयको भवन मर्मत, ७ वटा विद्यालय र १ वटा स्वास्थ्य चौकीलाई फर्निचर, ५ वटा खाने पानी योजना निर्माण, ४ वटा सिंचाई कूलो योजना निर्माण र २ वटा कल्भर्ट निर्माण गरिसकेको छ । उल्लेखित योजनाहरू सम्पन्न गर्न कूल अनुमानित लागत रु. १,०२,०६,७४६ रहेकोमा

## चुलाचुली गाविस वार्ड नं.९ स्थित चपेटी खानेपानी योजना

चुलाचुली गाविस वार्ड नं. ९ का समुदायहरु १० वर्ष देखि कुवाको फोहर पानी खाँदैआएका थिए । कुवा धमिल्याएपछि उनीहरुको १-२ घण्टासम्म कुर्नुपर्ने बानी नै भइसकेको थियो भने हिउँदमा पानी सुकेर रतुवाको बगरमा कुवाँ खनेर पानी खोज्दा खोज्दै दिन बित्थ्यो । बालबच्चालाई नुहाउन सम्म पानी हुंदैन थियो, सफा सुग्घर त कता हो कता कहिले त सबै गाउँलेहरुलाई नै झाडा पखालाले सताउथ्यो । उनीहरुले खानेपानी बनाउन विगत ५ वर्ष देखि इलाम सदरमुकामका विभिन्न संघ संस्थाहरुमा धाउँदा वाक्क भएका थिए । खानेपानीको अभा( वबाट गुज्रिरहेको यस गाविसमा स्थानीयबासीहरुकै सहभागितामा आरआरएन इलामले खानेपानी योजना सम्पन्न गरेको छ । यसै सन्दर्भमा उक्त गाविस चपेटी खानेपानी योजनाकी उपभोक्ता श्रीमती कुमारी राई भन्नुहुन्छ, "यसपाली बल्ल पो सुद्ध पानी खान पाइयो । आरआरएनले हाम्रो कुरो सुनेर हामीलाई पानीको धनी बनाइदिएको छ । अब त सफा पानी खान, सफासुग्धर हुन, केटाकेटीहरुलाई नुहाउन पुगेको छ । यहाँका मानिसहरुले बचेको समयमा घाँस र दाउरा गर्न पनि भ्याएका छन् । मैले खेर गएको पानी प्रयोग गरेर बेमौसमी तरकारी खेती गर्ने सोच बनाएको छु ।"

## नामसालिङ्ग गाविस वार्ड नं.१ स्थित सुँगुरेटारी सिंचाई कुलो योजना

"यत्रो ठूलो काम यति छिट्टै हामीले गर्न सकौला भन्ने त हामीले सोचेकै थिएनौं । जे होस् आरआरएनले हामीलाई हाम्रो क्षमता पहिचान गराउन हामीसंगै हातेमालो गरेर हाम्रो ठूलो काम सम्पन्न गरेकाले यसपाली बेलैमा धानबाली लगाउन पाएकाछौं । वर्षैपिच्छे कुलो लडेर हैरान हुने, कहीलेकाँही त गोरु उभियाएर कुलो बनाउन कुद्नु पर्ने ।" नामसालिङ्ग गाविस, वार्ड नं. २ स्थित सुँगुरेटारी सिंचाई कुलोका उपभोक्ता श्री टिकाराम नेपाल बताउनुहुन्छ । कुलो नभएर आकासे खेतीमा भरपरेका यहाँका कृषकहरुलाई अब बाह्रैकाल सिंचाई सुविधाहुने भएकोले उनीहरुको जीवनयापनमा टेवा पुग्ने देखिन्छ । यसै सन्दर्भमा गणेश ढकाल भन्नुहुन्छ, "सुद्ध पानी नभएर आफ्नो खेतको उब्जनीले वर्षभरी खान पुग्दैनथ्यो अबत खान पुग्ने उब्जाउन सकिन्छ ।"

संस्थाको तर्फबाट रु. ५५,२५,९४९ परिचालन गरिसकिएको छ । कार्यावधिभर (प्रथम वर्ष) मा कूल ३२ वटा योजनाहरू सम्पन्न गर्ने लक्ष्य रहेकोमा ३१ वटा योजनाहरू सम्पन्न भई स्थानीय समुदायलाई हस्तान्तरण गरिसकिएको छ । हाल १ वटा मात्र योजना निर्माणधिन अवस्थामा रहेको छ ।

यस संस्थाले स्थानीय स्तरमा गरिब जनताको जीविकोपार्जनमा टेवा पुऱ्याई जीवनस्तर उकास्ने उद्देश्यले हाउस वायरिङ्ग तालिम २ जनालाई, ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिम १ जनालाई, ग्रामीण कृषि कार्यकर्ता तालिम ४ जनालाई, प्लम्बिङ्ग तालिम २ जनालाई, बेमौसमी तरकारी खेती तालिम १६ जनालाई, तरकारी खेती तालिम ४ जनालाई र बाखा पालन तालिम २ जनालाई गरी जम्मा ३१ जनालाई मद्दत गरिएको छ ।

जिल्लामा संचालित योजनाहरूबाट १६,२१५ घरघुरीका ३२,४४३ पुरुष र ३५,१४३ गरी जम्मा ६७,५८६ जनसंख्या प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । जातिगत आधारमा हेर्दा १०.४९ प्रतिशत दलित, ५७.०७ प्रतिशत पहाडी जनजाति, २८.९७ प्रतिशत ब्राम्हण, क्षत्री,नेवार, र ३.४७ प्रतिशत तराईबासीहरू लाभान्वित भएका छन् । यसरी कूल लाभान्वित जनसंख्याको ४२ प्रतिशत अति गरिब, २६.९८ प्रतिशत गरिब, २१.८१ मध्यम र ९.२ प्रतिशत धनी वर्गहरू लाभान्वित भएका छन् ।

**सन्दर्भ सामाग्री :**


१. Population Monograph of Nepal-2001

२. इलाम जिल्ला, आवधिक जिल्ला विकास योजना (०५८/०५९ - ०६३/०६४) भाग १

# अंकल, म त प्राय भुईंमै बस्छु

**विश्वमणी खनाल**
आरआरएन, सल्यान

एक दिनको कुरा हो आरआरएन, सल्यानमा कार्यरत एक कर्मचारी फर्निचरको पूर्व सम्भाव्यता अध्ययन गर्ने सिलसिलामा रिठाचौर भन्ने ठाउँमा पुग्ने संयोग मिल्यो र एक जना छात्रालाई प्रश्न गऱ्यो- बहिनी, तिम्रो विद्यालयमा फर्निचरको अवस्था कस्तो छ ? सबै विद्यार्थीहरुलाई फर्निचर पुग्छ या पुग्दैन ? छात्राले अत्यन्त भावुक मुद्रामा भनिन्- "अंकल, मेरो कक्षामा ८-१० जना विध्यार्थीहरु झ्याल, ढोका या भुईमै बस्नु पर्दछ । म एक त टाढाको विध्यार्थी अर्कोतीर म धेरै झगडा पनि गर्दिन, त्यसैले म प्राय भुईमै बस्छु ।"

कुनै समयमा सल्यानको महत्वपूर्ण व्यापारिक केन्द्रको रुपमा परिचित त्रिवेणी गाविसको लुहाम बजारबाट झण्डै ३ घण्टाको पैदल यात्रामा श्री जनता मा.वि पुगिन्छ, जुन काभ्रा गाविस वडा नं -७, रिठाचौरमा अवस्थित छ । विगत केही वर्ष देखि जनता मा.वि काभ्राका विध्यार्थीहरू फर्निचरको अभावका कारण झ्याल, ढोका तथा भुईमा बस्न बाध्य थिए । आरआरएन, सल्यान ग्रामीण सामुदा(यिक पूर्वाधार विकास तथा जीविकोपार्जन सहयोग कार्यक्रम मार्फत स्थानीय उपभोक्ताहरूको ४६,१५० र आरआरएनको ५६,०२१ गरी कूल १,०२,१७१ लागतमा ७५ सेट फर्निचरहरू उक्त विद्यालयलाई हस्तान्तरण गरेपछि आजभोली त्यहांका विद्यालयका विध्यार्थीहरू बेन्चमा बसेर पढ्न पाउँदा हर्षित भएका छन् । उनीहरूमा हतारहतारको दौडधुप देखिदैन । यसले विध्यार्थी विद्यार्थीबीचको सम्बन्ध झनै बढाएको छ । धूलो तथा फोहरका कारणले विहान लगाएका कपडाहरू फर्किदा नचिनिने अवस्था हुन्थ्यो तर, अहिले यसबाट मुक्त भएका छन्।

०४६ सालमा स्थापित उक्त विद्यालयमा हाल ३८९ जना छात्र र ३०६ जना छात्रा गरी कूल ६ सय ९५ जना विध्यार्थीहरू अध्ययनरत छन्, जसमध्ये दलित ५६, जनजातिहरू ४९७ र ब्राम्हण, क्षेत्री, नेवार र सन्यासी १४२ जना रहेका छन् । अधिकांश न्यून आर्थिक स्थितिका विद्यार्थीहरू अध्ययन गर्ने उक्त विद्यालयमा अति गरिब विध्यार्थीहरू १८६ गरिब ३७४ मध्यम ९८ र धनी समूहका ३७ जना विध्यार्थीहरू अध्ययन गर्दछन् । १२ जना शिक्षक र १ जना शिक्षिका गरी कूल १३ जना शिक्षक शिक्षिकाहरू संलग्न श्री जनता मा वि. त्यस क्षेत्रका धेरै गाविसहरूको केन्द्रविन्दुको रुपमा रहेको छ । विगतमा दिएको राम्रो नतिजाका कारण आफ्नो छुट्टै अस्तित्व र पहिचान बनाउन सफल उक्त विद्यालयमा हाल छिमेकी लक्ष्मीपुर, कारागिठी, फलावाङ्ग र छायाक्षेत्र गाविसका अलावा पश्चिम दाङ्गको बाघमारे र पुरनधारा गाविसका विध्यार्थीहरू समेत अध्ययनरत छन् ।

शिक्षक र विध्यार्थीबीच होस् या विद्यालय र समुदायबीच होस् अत्यन्त सुमधुर सम्बन्ध रहेको यस विद्यालयमा फर्निचरको अपर्याप्तता, झ्याल, ढोका या भुईमै बस्नुपर्ने बाध्यता एक समयको तितो यथार्थ थियो । प्रत्येक कक्षामा विध्यार्थीहरूको अनुपातमा फर्निचरहरू नगण्य मात्रामा थियो भने उपलब्ध फर्निचरहरू पनि जिर्ण अवस्थामा थिए । "अगाडि तथा बेन्चमा बस्न विध्यार्थीहरूको तँछाड मछाड नै प्रायः चल्ने उक्त विद्यालयमा विद्यार्थीहरू घरबाट आवश्यक समय भन्दा छिटो निस्कनु पर्थ्यो ।"

स्थानीय अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री बालकृष्ण वि.क. सम्झन्छन् । यसै सन्दर्भमा विद्यालयका प्र. अ. श्री जगत बहादुर विष्ट भन्नु हुन्छ, "सबै विध्यार्थीहरूलाई बेन्चमा राखेर पढाउन नपाउंदा ज्यादै दुःख लाग्थ्यो, कसैलाई बेन्चमा, कसैलाई झ्याल, ढोका तथा भुईमा राखेर पढाउंदा र त्यही बीचमा विध्यार्थीहरूको यदाकदा झगडा भईरहने र त्यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उनीहरूको पढाईमा प्रभाव पारिरहेको देख्दा पनि मुकदर्शक रहिरहन बाध्य थिए तर, अहिले आरआरएनले यस्तो समस्या समाधान गर्नमा ठूलो सहयोग गरेको छ ।" ✍

# नदी नियन्त्रण कार्यक्रमद्वारा गाउँ बचाउनमा सहयोग

**बसन्त लक्ष्मी उदास**
जिल्ला संयोजक, दाङ्ग



२०६० साल श्रावण १५ गते बिहान ६ बजेतिर दाङ जिल्लाको गोवर्डिया गाविसमा पर्ने रनसिंह खोलामा एक्कासी आएको बाढीले ७८ घर परिवारको ४३२ जना समुदायलाई अस्तव्यस्त पारेको थियो भने ४ जनाको सोही समयमा निधन भएको थियो । उक्त बाढीले २६ घर परिवारको कुनै पनि सामान देखि घर पनि बचाउन सकेन बाँकी २ वटा पक्किघर भने हाल खोला भित्रै भत्केको अवस्थामा रहेको छ ।

उक्त २६ घरका परिवारहरू हाल सामुदायिक वन भित्र शिविरमा बस्न बाध्य भएका छन् भने बाँकी मानिसहरू पनि वर्षायाममा रातभरी बत्ती बालेर बस्ने गर्छन् । यहांको समुदायले कालाकांटे गाउँ बचाउनको लागि विभिन्न संघ, संस्थाहरूमा अनुरोध गर्दै आइरहेका थिए तरपनि उक्त योजना संचालन गर्न सकिरहेका थिएनन् ।

यसै समयमा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा संचालित नेपालमा दैवीप्रकोपबाट पीडित समुदायको निम्ति पूर्वतयारी तथा राहत कार्यक्रम २ वटा गाविस गोवर्डिया र गंगापरस्पुरमा संचालन गरिएको थियो। यस अन्तर्गत बाढी प्रभावित क्षेत्रमा निम्न लिखित कार्यक्रमहरू समावेश गरिएको थियो ।

**चेतनामूलक तथा आयमूलक तालिमहरू**

नर्सरी व्यवस्थापन
वृक्षारोपण कार्यक्रमहरू
राहत वितरणका कार्यक्रमहरू
अवलोकन भ्रमण
निर्माण सम्बन्धी क्रियाकलापहरू
जिल्ला स्तरिय बैठकहरू

संस्थाले दैवीप्रकोपको क्षेत्रमा काम शुरु गरेपछि दैवीप्रकोप व्यवस्थापन समितिका अध्यक्ष जिल्ला प्रमुख अधिकारीको अध्यक्षतामा बैठक बसी विभिन्न निकायहरूसँग समन्वयगरी यस योजनाको लागि आवस्यक रकम संकलन गरिएको थियो । यसमा जल उत्पन्न प्रकोप नियन्त्रण एवं डिभिजन कार्यालय नं ३ लमहीबाट रु. ७,००,०००, जिल्ला विकास समितिको कार्यालयबाट रु. ५,००,०००, सामुदायिक वन कालाकाटेबाट रु. १,४०,०००, गोवर्डिहाबाट रु. १,००,०००, समुदायबाट रु. ९,३९,०६९ रुपैया र बांकी रकम आरआरएन, दाङ्गबाट गरी जम्मा रु. २८,८६,०७५ बराबरको लगानीमा उक्त योजना सम्पन्न भएको छ ।

उक्त सम्पन्न योजनाबाट विस्थापित परिवारहरूको पुनर्स्थापना हुनुको साथै खोलामा रहेको जग्गाबाट उत्पादन लिन सक्ने र आयश्रोत बढी हुने देखिएको छ। यसबाट शैक्षिक क्षेत्रमा पनि सहयोग पुगेको छ । बाढीबाट जनता मावि कालाकाँटेको विद्यालय पनि क्षतिग्रस्त भएको थियो । उक्त विद्यायलमा आरआरएनले २ कोठे भवन निर्माणमा सहयोग गरेको थियो। हाल निर्मित योजनाले विद्यालयको भवन साथै जग्गाहरू पनि बचाउन सकिने देखिएको छ । आउने वर्षदेखि विद्यालयको जग्गाबाट पनि आम्दानी हुने देखिएको

हुंदा उक्त योजनाले शैक्षिक क्षेत्रलाई पनि बचाउन सफल हुने देखिन्छ ।

यस योजनाको बारेमा समितिका अध्यक्ष श्री गोबिन्द बोहरा र सचिव श्री हरि सुवेदी र श्री मानबहादुर योगी भन्छन्, "यस जिल्लामा आरआरएन नभएको भए हाम्रो गाउँमा यति ठूलो योजना कहिल्यै पर्न सक्तैनथ्यो । हाम्रो संधै जिल्ला धाउने र संघ/संस्थामा कराउने बाहेक अरु उपलब्धि भएको थिएन । त्यसैले आरआरएनलाई धेरै धन्यवाद दिन चाहन्छौ र हामी जस्तै अरु समुदामा पनि यस संस्थाले यस्तै सहयोगहरू गरोस् भन्ने कामना गर्दछौं ।"

# खेर गएको पानीबाट सिंचाई

**निरज राउत**, आरआरएन, सुनसरी

नेपाल जलश्रोतको दृष्टिकोणले विश्वमै ब्राजिल पछिको पहिलो धनी राष्ट्र हो । तर, विडम्बना, यहाँ नै कतै पिउने पानीको हाहाकार छ भने कतै खेतीयोग्य जमिनमा सिंचाइको अभाव, जस्लेगर्दा आकाशे खेतीको भरमा पर्नुपरेकोले खेत बाँझो हुने तथा बालीको उब्जनीमा कमी आउने स्थिति छ । एकातिर देश कृषितन्त्रमा आधारित भएकोले हामी हाम्रो देशलाई कृषि प्रधान देश भन्छौं भने अर्कोतिर यहाँ पर्याप्त कृषि उपज उब्जने ठाउँ हुँदाँहुँदै पनि पर्याप्त पानीको अभाव हुँदा सिंचाइको कमीले उब्जनी नहुने अवस्था छ । जस्ले गर्दा किसानको स्थिति दिनदिनै खस्कदो अवस्थामा छ । फेरी सिंचाइको सुविधा उपलब्ध भएको ठाउँमा पनि समानुपातिक वितरण हुन नसक्दा कतै पर्याप्त मात्रामा पानी छ भने कतै त्यही छेउको जग्गामा पानीको उपलब्धता नहुँदा खेत बाँझो भएको छ ।

नेपालको सुनसरी तथा मोरङ्ग जिल्लाका अधिकांश भू-भागहरु सुनसरी मोरङ्ग सिंचाई आयोजनाको कमाण्ड एरिया भित्र पर्दछ । जसलेगर्दा कमाण्ड एरिया भित्रका जग्गामा बाह्रैमास हरियाली हुन्छ । तर, यो सिंचाई योजनाको कमाण्ड एरियाभित्र नपर्ने सुनसरी जिल्लाको डुम्राहा गाविस वडा नं.-४ स्थित यस्ता जमिनहरु छन्, जसलाई एउटा खोल्सीले सुनसरी मोरङ्ग सिंचाई आयोजनाको कमाण्ड एरियालाई छुट्याएको छ । जसलेगर्दा कमाण्ड एरियाका जग्गा वा भनौं खोल्सीबारीका जमिन हरिया हुन्छन् तर त्यहीं खोल्सीपारिका जमिन बाँझो हुन्छ । अझ विडम्बना के छ भने त्यहाँ पानीको अभाव नभएर सिंचाई नभएको भने होइन । कमाण्ड एरियाको बढी भएको पानी त्यही खोल्सीमा निकास दिइन्छ तर त्यो खेर फालिएको पानीको उपयोग भने हुन सकेको थिएन । त्यही खेर गएको पानी मात्र उपयोग गर्नसक्दा पनि पारिपट्टीको लगभग ५० विघा जमिन सिंचित हुन सक्ने पानी उक्त खोल्सीमा छ ।

तर, अब बारीको हरियो हेरेर पारिको किसानले मन अमिलो बनाउनु पर्ने स्थिति छैन । सुनसरी मोरङ्ग सिंचाई आयोजनाको निकासको पानीबाट पारिपट्टीको ५० विघा जमिनमा सिंचाई सुविधा उपलब्ध गराएको छ । कारण हाल त्यस खोल्सीमा खेर गएको पानीको उपयोग गर्न सकिनेगरी एउटा बाँधको निर्माण भएको छ । उक्त बाँध स्थानीय उपभोक्ताको सक्रिय सहभागितामा आरआरएन सुनसरी, जिल्ला कृषि विकास कार्यालय सुनसरी र गाविसको कार्यालय डुम्राहाको संयुक्त लगानीमा निर्माण भएको छ । यसमा कूल लागत रु. ४६८७७९/३३ रहेको छ । उक्त योजनामा आरआरएन सुनसरीको रु. ३०४५१३/७७, जिल्ला कृषि विकास कार्यालय सुनसरीको रु. ७००८२/२६, गाविस कार्यालय डुम्राहाको रु. २४००० र उपभोक्तको रु. ७०१८३ लगानी रहेको छ ।

यसरी खेर गएको पानीबाट सिंचाई विमुख किसानले पानी पाउंदा किसानहरू एकदमै हर्षित छन् । यस योजनाको निर्माण समितिका अध्यक्ष श्री देवकुमार चौधरी आफ्नो विचार यसरी व्यक्त गर्दछन, "यस बाँधको निर्माणले हामी जस्ता गरीब किसान अब आकाशे खेतीको भरमा बस्नुपर्दैन । हाम्रा पनि दिन फर्के ।"

# कल्भर्ट निर्माणबाट गाउँवासीमा खुसियाली

**विकास चौधरी**
सहायक सामुदायिक परिचालन अधिकृत, दाङ



"घोडा, गाई, गोरुलाई समेत आवत जावत गर्न कठिन हुने बाटोमा मोटरसाइकल र गाडी गुडेको देखेर सौडियार गाविस र त्रिभुवन नगरपालिकावासीहरु खुसीले रमाएका छन् ।"

दाङ जिल्ला, सौडियार गाविस वार्ड नं. ६ पर्सा र त्रिभुवन नगरपालिका वार्ड नं. १ भगवानपुर स्थित दामोदर रोडमा वर्षौंदेखि कल्भर्ट निर्माण नहुँदा विध्यार्थी, यात्री, व्यापारी आदि सबैलाई हुनसम्मको अप्ठ्यारो परेको थियो । वर्षायाममा विध्यार्थीहरू खोला तर्न नसकेर पढ्नबाट वंचित भएका थिए भने किसानहरूलाई पनि आफ्नो खेतबारीमा ओहोर दोहोर गर्न कठिन थियो । गाई वस्तुहरूलाई समेत अप्ठेरो पर्ने उक्त खोलामा हालै आरआरएन र स्थानीय जनताको सहयोगमा कल्भर्ट निर्माण भएपछि त्यस ठाउको मुहार नै फेरिएको छ ।

यसै सन्दर्भमा सौडियार गाविस वार्ड नं. ५, राजपुर बस्ने श्री गंगाप्रसाद चौधरी –जस्ले घोडा लादेर गल्ला खरिद विक्री गरी आफ्नो तथा परिवारको जीविकोपार्जन गरिरहेकाछन्– उनी भन्छन्, "पहिले खोलामा कल्भर्ट नभएर गल्ला लिएर बजार जांदा घोडा खोलामा लडेर नोक्सान बेहोर्नु पर्थ्यो तर अहिले कल्भर्टको निर्माण पश्चात आवत जावतमा धेरै सजिलो भएको छ ।" वर्षा याममा यो खोलाले झण्डै बगाएका सौडियार ६, पर्साका टिकाराम योगी अबदेखि यो खोलाले कसैलाई पनि बगाउन सक्दैन भनी आफ्नो विचार प्रकट गर्दछन् । त्यस्तै त्रिभुवन नगरपालिका वार्ड नं. १ भगवानपुर बस्ने संगिता चौधरी जस्ता धेरै विध्यार्थीहरू वर्षा याममा बाढीको कारणले विद्यालय जान सक्दैनथे तर, हाल कल्भर्टको निर्माणले गर्दा उनीहरूको पढाईमा पनि बाधा नपुग्ने विचार राख्दछिन् ।

उक्त योजना आरआरएनबाट रु. ८८,५१७/५७ र उपभोक्ता समितिबाट रु. ४९,२०९/- गरी जम्मा रु. १,३७,७२६/५७ लगानीमा सम्पन्न भएको थियो । यो योजनाबाट प्रत्यक्ष रुपमा ७८ परिवारका २५७ महिलाहरू र २११ पुरुषहरू गरी जम्मा ४६८ जना लाभान्वित भएका छन् । यो कल्भर्ट निर्माणले त्यस ठाउँको बासिन्दाहरूको आय आर्जनमा वृद्धि हुने र विध्यार्थीहरूको पढाईमा समेत प्रत्यक्ष फाइदा पुग्ने देखिन्छ ।

# तेस्रो विश्वको विकास प्रक्रियामा महिलाको स्थान र भूमिकाः नीतिगत दृष्टिकोण र कार्यक्रम एक चर्चा

**विष्णुराज सुवेदी**
आरआरएन, भोजपुर

खास गरेर दोस्रो विश्वयुद्ध पश्चात तेस्रो विश्वका कम आय भएका महिलाहरुको उत्थानको साथै राष्ट्रको समग्र विकास प्रकृयामा महिलाको भूमिकालाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अनेकौं नीति, कार्यक्रम तथा परियोजनाहरुको निर्माण र कार्यान्वयन हुँदै आएका छन् । कम आय भएका महिलाका सरोकारका विषयहरुलाई ऐतिहासिक रुपले नै मूल्यांकन गर्दै विकास प्रक्रियामा महिलाको भूमिका महत्वपूर्ण हुने तथ्यलाई समेत मान्यता दिईदै आएको पाईन्छ । महिला उत्थानका लागि भनेर राज्यको औपचारिक नीतिहरुमा शव्दहरु उल्लेख हुँदै आएका पनि छन् । तर कुनैपनि महिला उत्थानका कार्यक्रमहरु पूर्ण रुपले लागू हुन सकेनन् । जे जति मात्रामा लागू भए, तिनीहरुले महिलालाई मुक्ति दिन सकेका छैनन् । यहाँ तेस्रो विश्वका महिलाहरुको विकास तथा समग्र विकास प्रकृयाभित्र महिलाको भूमिका र स्थानको सन्दर्भका के कस्ता दृष्टिकोण, नीति तथा कार्यक्रमहरु देखा परे, तिनीहरुको संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

## १. कल्याणकारी (Welfare) दृष्टिकोण - नीति तथा कार्यक्रम

पिछडिएका र जोखिममा परेकाहरुलाई दया स्वरुप कल्याण वा उपकार गर्ने उद्देश्यले कल्याणकारी नीति/कार्यक्रम लागू गरिएको थियो । अर्थात कल्याणकारी अवधारणा अनुसार 'विकास' भनेको जनताको अधिकार नभएर सक्षम संस्थाहरुद्वारा विपन्नहरुको भलाइको लागि दया वा उपकार स्वरुप संचालन गरिने कृयाकलापहरु हुन् । यस कल्याणकारी नीति र कार्यक्रम वास्तवमा शुरुमा प्रथम विश्व (खासगरी युरोप) मा रहेका शरणार्थी र उपेक्षित समुदायलाई लक्षित गरी लागू गरिएको थियो । प्रचलनमा रहदै आएको एउटी आमा र घरायसी श्रीमतीको रुपमा महिलाको स्थान र भूमिकालाई यथावत नै राख्ने गरी लागू भएको यस योजना र कार्यक्रम नै तेस्रो विश्वका महिला विकासको लागि भनेर आज पनि लागू हुँदै आएको छ । कल्याणकारी नीति र कार्यक्रम मुख्य ३ वटा अवधारणामा आधारित रहेको देखिन्छ ।

१. विकास प्रकृयामा महिलाहरु सहभागीयोग्य (Active Participatory) भन्दा पनि निस्कृय लाभप्रद (Passive beneficiary) वर्ग हुन् । अर्थात पुरुषलाई मात्र सहभागी गराएर गरिएको विकास प्रकृयाले स्वतः महिलालाई फाइदा पुग्छ ।

२. असल मातृत्व प्रदान गर्नु र कुशल गृहिणी हुनु नै समाजमा महिलाको महत्वपूर्ण भूमिका हो ।

३. आर्थिक विकासका समग्र पक्षहरुमा बालबच्चाहरुको सुरक्षित जन्म र पालन पोषणले नै महत्वपूर्ण भूमिका खेल्दछ । आर्थिक वृद्धिको लागि कृषि र औद्योगिक उत्पादनमा जोड दिने नारा र कार्यक्रममा सहभागिता भने पुरुष कामदारको मात्रै हुनु पर्ने (किनकी धेरै उत्पादनको लागि धेरै शारीरिक बल र छिटोपन पुरुषको मात्र संलग्नताले हुने ठानिएको थियो) तर महिलाको हकमा भने जमिन्दारको खेतमा धेरै उब्जाउने र पूंजीपतिका कारखानामा धेरै खट्न सक्ने गरी लोग्ने वा छोरालाई पोषणयुक्त खाना खुवाउनु अथवा त्यस किसिमको जनशक्ति विकासको लागि सन्तानलाई सुरक्षित रुपमा जन्माउने र पालनपोषण गर्ने

काममा दक्ष हुनुलाई नै विकास प्रकृयामा महिलाको सहभागिता र भूमिका मानिएको थियो । यस कल्याणकारी योजना अन्तर्गत संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक परिषद (UNESCO) र अन्य दाता राष्ट्रहरु एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत महिलालाई प्रदान गरिने सहायता र तालिमहरुमा प्रत्यक्ष रुपले पोषणयुक्त खाद्य पदार्थ, बासस्थान, धुवांरहीत विकासे चुल्होको व्यवस्था तथा विशेष गरी गर्भवती, सुत्केरी र ५ वर्ष मुनिका बच्चाहरुको सुरक्षित लालनपालनको निमित्त पोषण शिक्षा र तालिमहरु नै हुन् ।

कल्याणकारी नीति-कार्यक्रमको जन्म १९५० ताका शुरु भएको विकासको लागि आधुनिकीकरण भन्ने नारा र कार्यक्रमहरु हुन् । आधुनिकीकरणको विकासे नमूना पनि पहिला उपनिवेश कायम गरेका दाता राष्ट्रले मुक्त राष्ट्रको समेत विकासको ठेक्का लिएर लागू गरिएको नवउपनिवेशिकीकरण (Neo-colonization) अन्तर्गत नै आएको र त्यस कार्यक्रम भित्र लैंगिक विभेदलाई यथावतै राखी विभाजित श्रम अनुसार नै विभाजित भएका तालिम, शिक्षा र सेवा सुविधाहरुको प्रावधानका कारणले महिला र पुरुषबीच असमानताको खाडल विकासोन्मुख देशहरुमा झन् बढेर गएको देखिन्छ ।

## २. समन्यायिक (Equity Approach) दृष्टिकोण-नीति तथा कार्यक्रम

१९७० को दशकमा आएर अनेकौं अध्ययनहरु अनुसार महिलाको घरेलु कामहरु विशेष गरेर गुजारामुखी कृषि क्षेत्रमा प्रयोग हुंदै आएको श्रमलाई पनि उत्पादनमूलक कामको रुपमा मूल्यांकन गर्न सकिन्छ । यस अध्ययनको आधारमा महिलाले गर्दै आएको घरायसी श्रमको मूल्य बोध गराउन पुरुषलाई पनि घरायसी श्रममा समान सहभागिता गराउनु पर्ने र घर बाहिरका सेवा र श्रमका क्षेत्रहरुमा समेत महिलाले झन बढी क्षमता देखाउन सक्छन भन्ने मान्यताका साथ यस समन्यायिक दृष्टिकोणको प्रादुर्भाव भएको हो । समन्यायिक कार्यक्रमको दृष्टिकोणका अनुसार आफ्नो शरीरको उपयोग र जीवन साथी छनौट गर्ने वा बदल्ने पूर्ण हक महिलामा हुनु पर्दछ र घर भित्र वा बाहिरका हरेक कृयाकलापहरुमा महिला र पुरुषबीच समान सहभागिता र स्वतन्त्रता हुनु पर्दछ ।

रणनीतिक रुपमा यस दृष्टिकोणले पुरुष सत्तालाई उल्टाएर महिला सत्ताको स्थापना गर्न चाहन्छ । यस लक्ष्यको प्राप्तिको लागि उपलब्ध कानूनी सीमाहरुको अधिनमा रही दबाबमूलक आन्दोलन र अदालती कानूनी कार्वाही मार्फत समाजिक संरचना परिवर्तन गर्न सकिन्छ भन्ने मान्यतामा कार्यक्रमहरु संचालन भएका पाइन्छन । राजनैतिक, प्रशासनिक, शैक्षिक जुनसुकै क्षेत्रमा पनि महिलाको सहभागितालाई संख्यात्मक प्रतिशतमा वृद्धि गराउनमा यस समन्यायिक कार्यक्रम उद्यत रहेको पाइन्छ । तर संस्कारगत अभ्यासमा महिला पनि पुरुषवादी चिन्तनले ग्रसित भई राखेका हुन्छन भने चिन्तन र व्यवहारको आधारमा पुरुषहरु पनि महिलावादी हुन सक्छन् भन्ने वैचारिक दृष्टिकोणको प्रश्नलाई दातृ निकायहरु मात्र हैन, कतिपय विकासे चिन्तक र संस्थाहरुले समेत बुझ्न सकेका छैनन् ।

## ३ गरिबी विरोधी (Anti-Poverty Approach) दृष्टिकोण-नीति तथा कार्यक्रम

गरिबी विरोधी अवधारणाका अनुसार महिलाको हातमा सम्पतिको स्वामित्व नहुनु नै लैंगिक विभेद र उत्पीडनको कारण हो । एकातिर एउटै परिवार भित्र पुरुषको हातमा सम्पतिको स्वामित्व रहनु र अर्को तर्फ समाजभित्र आर्थिक वर्गको श्रेणी र उपल्लो वर्गद्वारा निम्न वर्गमाथि हुने शोषण, यी दुवै अवस्था लैंगिक विभेदका स्रोतहरु हुन । यसर्थ यस कार्यक्रमका अनुसार, महिला र पुरुषबीचको आम्दानीमा रहेको असमानतालाई घटाएर मात्र उनीहरुबीचको अन्य तमाम असमानताहरुलाई घटाउन सकिन्छ ।

गरिबी विरोधी कार्यक्रमले गरीब महिलाहरुलाई आर्थिक रुपमा सशक्त बनाई उनीहरुलाई आम्दानी र सम्पत्तिको मालिक बनाउने उद्देश्य राख्दछ । तर त्यसको लागि कार्यक्रमहरु भने साना स्तरका

त्यस्ता स्वःरोजगारमूलक तालिमहरु तथा आर्थिक सहयोगहरु, जुन फेरीपनि लैंगिक विभाजनमा आधारित भएका छन् । जस्तै गरीब महिलाहलाई सिलाई बुनाईको तालिम आदि । लैंगिक विभेदलाई हटाउन महिलालाई आर्थिक रुपमा सशक्त बनाउनु पर्छ भन्ने मान्यतामा आधारित भए तापनि महिलाले परम्परागत रुपमा पाइआएको जिम्मेवारी अनुसारको गतिविधिलाई तालिम र लघुऋण मार्फत अझ सशक्त पार्ने कार्यक्रमहरु भएकाले गरिबी विरोधी नीतिमा फेरी पनि कल्याणकारी नीतिको पुनरावृत्ति हुन खोजेको देखिन्छ । फरक के मा मात्र छ भने कल्याणकारी कार्यक्रमभित्र महिलालाई उपलब्ध घरभित्रको जिम्मेवारी जस्तै खाना बनाउने, बच्चाको स्याहार गर्ने आदिलाई आधुनिकीकरण गर्न विकासे चुल्हो, पोषण शिक्षा र पौष्टिक आहारको सहयोग आदि थिए भने गरिबी विरोधी कार्यक्रममा चुल्हो चौकाबाट बाहिर निस्केर सिलाई बुनाई, मातृशिशु स्वास्थ्य कार्यकर्ता, सुडेनी आदिको काम गर्ने, आदि रहेका छन् । गरिबी विरोधी नीतिमा अन्तरनीहित गरिबी र लैंगिक विभेदको सम्बन्धको व्याख्या ठीक भए पनि ग्रामीण स्तरका स्वरोजगारमूलक कार्यक्रम भनी लागू गरिएका सिलाई बुनाई, सुडेनी आदि तालिमले गरीब महिलाको आम्दानी वृद्धिमा केही सहयोग त पुग्छ, तर लिंगको आधारमा विभाजित श्रम अनुसारकै तालिमहरुको व्यवस्था भएको कारण उनीहरु उपरको लैंगिक विभेदलाई झन बढाएको देखिन्छ ।

### ४ सक्षमीकरण (Efficiency Approach) दृष्टिकोण-नीति तथा कार्यक्रम

सक्षमीकरण कार्यक्रमको लक्ष्य महिलालाई आर्थिक रुपले सम्पन्न, शैक्षिक रुपले अगाडि बढाउनु र अन्य क्षमताहरुको विकास गर्नु भन्ने नै हो । यस दृष्टिकोणका अनुसार महिलाको लागि आय आर्जनको कार्यक्रम मात्र उनीहरुको हैसियतलाई माथि उठाउन पर्याप्त छैन । आम्दानीका स्रोतहरुमा महिलाको पहुंच वृद्धिको निमित्त शिक्षा र उत्पादनमूलक प्रविधिमा महिलाको सहभागितामा वृद्धि गरिइनु पर्दछ ।

सक्षमीकरणको कार्यक्रम अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकबाट अघि सारिएका संरचनात्मक समायोजनको नीतिमा प्रस्तुत गरिएको थियो । यस नीतिमा प्रशस्त मात्रामा पुरुषवादी पूर्वाग्रहहरु अन्तरनीहित रहेका देखिन्छन । संरचनात्मक समायोजन नीतिले महिलाहरुको पुनउत्पादनमूलक (सन्तान जन्माउने र हुर्काउने) कार्यहरुको महत्वलाई बाहेक गरेको छ । यस नीतिका अनुसार बजारमा आएका विलासिताका सामानहरु किन्न सक्ने गरी पहुँच वृद्धि गरिनु नै महिलाको विकास हो ।

सक्षमीकरणको नीतिमा पनि महिलालाई आर्थिक रुपले सक्षम बनाउने भन्ने नै कार्यक्रमहरु अन्तनीहित छन् । आर्थिक रुपले सम्पन्न गराउन उनीहरुको शिक्षाको स्तरमा वृद्धि गरीनु पर्दछ भन्ने मान्यता राखे तापनि व्यापारिकरण भएको शिक्षा प्राप्त गर्न सक्ने हैसियतलाई आर्थिक स्तरले असर पार्दछ भन्ने तथ्यलाई यस नीतिले देख्न सकेको छैन । घरायसी श्रमहरुलाई पनि मूल्यमा हिसाब गरीनु पर्दछ भन्ने दावी राखेता पनि त्यसको मूल्य महिलाले पाउन सक्ने गरी संरचनागत परिवर्तनको लागि यस नीतिमा कुनै कार्यक्रमहरु छैनन । महिलालाई घर बाहिर कारखाना वा अन्य तलव, ज्याला पाउने संस्थाहरुमा रोजगारीको व्यवस्था गरेर उनीहरुको आर्थिक रुपमले सक्षम गराउनु पर्छ । बढी आम्दानी गर्न कामको अवधिलाई बढाउनु पर्दछ भन्ने यस नीतिको अभिप्राय रहेको छ । तर नाफामुखी उत्पादन प्रणाली भित्र कामको अवधि वृद्धि गर्नु भनेको झन महिलाको श्रम शोषण हो, बरु उनीहरुको वेतनमा वृद्धि वा उत्पादनमूलक साधनहरुमा उनीहरुको स्वामित्व स्थापना गरिनुले मात्र आर्थिक सक्षमीकरणलाई वल पुग्दछ भन्ने तथ्यलाई यस सक्षमीकरणको कार्यक्रमले समेट्न सकेको छैन ।

### ५. सशक्तिकरण (Empowerment Approach ) दृष्टिकोण-नीति तथा कार्यक्रम

सशक्तिकरण दृष्टिकोणका अनुसार- वर्ग, लिंग र प्रजातिमा आधारित असमानतालाई प्रत्येक देश र

लेख

विदेशहरुबीचका आपसी सम्बन्धहरुबाट समेत हटेको हुनु पर्दछ । अनाज, बासस्थान, शिक्षा, स्वास्थ्य आदि जस्ता आधारभूत आवश्यकताको पूर्ति मौलिक अधिकारको रुपमा स्थापित भएको र गरिबी एवं सम्पूर्ण प्रकारका हिंसाहरु उन्मूलन भएको हुनु पर्दछ । प्रत्येक व्यक्तिले उसको पूर्ण सृजनात्मकता र सम्भावित क्षमता प्रयोग गर्न सक्ने अवसरहरु प्राप्त गरेको हुनुपर्दछ । रणनीतिक रुपमा समाजको आमूल परिवर्तनको लक्ष्य रहे तापनि त्यसको लागि कार्यनीतिक रुपमा भने यस सशक्तिकरणको कार्यक्रमले कल्याणकारी नीति देखि सक्षमीकरण सम्मका सबै नीति र कार्यक्रमहरुको समग्र र एकीकृत कार्यक्रमहरु समेट्दछ ।

व्यवहारिक लैंगिक आवश्यकता प्राप्तिको निमित्त महिलालाई आर्थिक रुपमा सशक्त पार्न बिना लैंगिक भेदभाव आय आर्जनमुखी तालिम तथा स्वरोजगारीका अवसहरुको सृजना र रणनीतिक रुपमा महिलाको साम्पतिक अधिकार प्राप्तिको लागि तलैबाट स्वामित्व वितरण प्रणालीमा रुपान्तरणको लागि आन्दोलन, उपलब्ध कानूनी अधिकारको पूर्ण कार्यान्वयनको लागि कानूनी सहायता परियोजनाहरुको संचालन, भइरहेका भेदभावपूर्ण र पुरुषवादी कानूनको भर्त्सना र कानून संशोधनको लागि आन्दोलन र दबाब, सामाजिक संरचना र सास्कृतिक बन्धनहरुबाट भएका महिला उत्पीडनका मुद्दाहरुबारे जनचेतना तथा पीडक विरुद्ध कार्वाहीको निमित्त सांगठित दबाब आदि नै सशक्तिकरणका नीतिगत विशेषताहरु हुन । विशेषत सशक्तिकरण एउटा विचार र दृष्टिकोणको आन्दोलन हो । सशक्तीकरणको लागि नै भनेर कुनै सीमित कार्यक्रमहरु संचालन गर्ने भन्दा पनि राजनीतिक शक्ति र निर्णयको आधारमा हुने आमूल परिवर्तनको लागि नै आन्दोलनको रुपमा सशक्तिकरणको अभियान संचालित छ ।

सशक्तिकरणको दृष्टिकोण अनुसार विकास भनेको अधिकारको विषय हो । दया वा कल्याणको नियतबाट हुने सहयोगले महिलाको विकास हुन सक्दैन । तलैबाट गठन भएका आत्मनिर्भर र स्वायत्त महिला संगठनहरू र उनीहरूकै भोगाइ र अनुभवमा आधारित कार्यक्रमहरू मात्र दिगो र महिलाको निमित्त मुक्तिकामी हुन्छन । सशक्तिकरणको दृष्टिकोण यथास्थितिलाई चुनौती दिन सक्ने संचित शक्ति अन्तर्निहित प्रकृतिको हुनुको अर्थ यसलाई राष्ट्रिय सरकार अन्य द्विपक्षिय सहयोग नियोगहरूबाट समेत सहयोग र समर्थन प्राप्त नहुनु हो ।

कविता

# आरआरएनलाई शुभकामना

**- राजन खत्री र राजेन्द्र प्रसाद चौधरी**

शुभकामना छ आरआरएन तिमीलाई
निभेको दियो बालेकोमा
शुभकामना छ आरआरएन तिमीलाई
भत्केको संरचना टालेकोमा,

शुभकामना छ आरआरएन तिमीलाई
समुदायको आंशु पुछेकोमा

शुभकामना छ आरआरएन तिमीलाई
खेतका गराहरु भिजाएकोमा,

शुभकामना छ आरआरएन तिमीलाई
गाउँलेलाई सजिलै पानी पिलाएकोमा
शुभकामना छ आरआरएन तिमीलाई
मर्मत सम्भारको तालिम दिलाएकोमा ।

# महिला सहभागिता बढाउन संघ संस्थाको भूमिका

**द्रौपदी भण्डारी**
सामाजिक परिचालक, आरआरएन, दाङ

नेपालको कूल जनसंख्या मध्ये महिलाहरुले आधा भन्दा बढी संख्या ओगटेको छ । तर महिलाको संख्या बढी भएता पनि उनीहरुको समाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा दयनीय अवस्था छ । उनीहरू समाजमा विभिन्न समाजिक विकृतिहरूसंग जुध्दै र सहंदै बांचिरहेका छन् । जस्तो विद्यमान दाइजो प्रथा, रुढीवादी परम्परा, बोक्सी आरोप, यौन शोषण, महिला तथा बालबालिका बेचबिखन, घरेलु हिंसा, बलात्कार र जबरजस्ती करणी, जबरजस्ती विवाह आदि सामाजिक विकृतिहरूमा गुज्रिरहेका छन् ।

यस्तो अवस्थाबाट बाहिर आउनको लागि महिलाहरूलाई जनचेतना जस्ता कार्यक्रमहरूमा सहभागिता गराई त्यस विरुद्ध संघर्षको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू र समाजका अगुवाहरूले भूमिका खेल्नु पर्दछ । जसरी रथलाई राम्रोसंग अगाडि गुडाउन रथका दुईवटै पाङ्ग्राहरू बराबर र सशक्त हुन आवश्यक छ । त्यसै प्रकारले नै विकासको गतिलाई अगाडि बढाउन महिला र पुरुष दुवै समान रुपमा सवल र सक्षम हुनु आवश्यक छ भन्ने कुराको महसुस सबै जनसमुदायले गर्नुपर्दछ । महिला पुरुष दुवैले सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा समानरुपमा सहभागी भई उपलब्ध सेवा र सुविधाहरूमा समान पहुँच हुनु पर्दछ ।

नेपाल जस्तो गरिबी वा विकासोन्मुख राष्ट्रहरूमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले शिक्षा, स्वास्थ्य, कृषि, वातावरण तथा विभिन्न जनचेतना सम्बन्धी विकासका कार्यक्रमहरू गर्दै आइरहेका छन् । कुनैपनि विकासका कार्यक्रमहरू संचालन गर्दा ग्रामीण वा जुनसुकै क्षेत्रमा अनिवार्य रुपमा आधाभन्दा बढी महिलाहरूलाई सहभागी गराइ उनीहरूलाई नेतृत्व गर्नमा उत्प्रेरित गराउनु पर्छ । जस्लेगर्दा उनीहरूलाई केही ज्ञान हासिल गर्ने अवसर मिल्नुका साथै उनीहरूको समाजिक र आर्थिक विकासमा सहयोग पुग्दछ । हाम्रो देशमा विभिन्न संस्थाहरूले कार्यक्रमहरू संचालन गर्दा महिलाहरूलाई बढीमात्रामा आधुनिक कृषि तथा वैकल्पिक आयआर्जनका कार्यहरूमा सहभागी गराई सामूहिक रुपमा संगठित गरी आयआर्जनका व्यवसाय संचालन गर्न उत्प्रेरित गराउनु पर्छ । जसले गर्दा उनीहरूको आर्थिक पक्ष सवल भई अन्य क्षेत्रमा अगाडि बढ्न मद्दत गर्दछ । यस्तो कार्यहरू गर्नाले उनीहरूको नेतृत्व विकासमा पनि सहयोग पुग्ने देखिन्छ ।

यस आवश्यकतालाई महसुस गरी आरआरएनले समुदायमा संचालित विभिन्न कार्यक्रमहरूमा महिलाहरूलाई बढी भन्दा बढी सहभागिता गराई कार्यक्रम संचालन गरिरहेको छ । यस संस्थाले महिलाहरूको जीवनस्तर उकास्न र सशक्तिकरण गर्नको लागि शिक्षा, स्वास्थ्य, जीविकोपार्जन र स्वावलम्बनका विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

यसरी नै महिलालाई सशक्त गर्नको लागि वा महिलाहरूको शैक्षिक, समाजिक, आर्थिक, राजनैतिक तथा मनौवैज्ञानिक विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरूको गहन भूमिका रहन्छ । यी संघ संस्थाहरूले माथिका कुराहरूलाई मनन गरी कार्यक्रमहरू कार्यान्वयन गरेमा अवश्य नै महिला र पुरुषबीचको खाडल पुरिन गई देशमा विकासको गति अगाडि बढ्छ । ✍

# यसरी जुटे सापातेलीहरू

**विकास न्यौपाने**
जिल्ला ओभरसियर, आरआरएन, खोटाङ



आफ्नो खेतमा पानी फर्काउन मुहानसम्म पुग्नलाई लाग्ने समय अढाई घण्टा त लाग्थ्यो नै त्यसमा पनि विशाल पहाडबीचबाट अनि भिराला र कमजोर पाखाहरुबाट खनिएको कुलोमा चल्ने पहिरो र बाढीले वर्षेनी कुलोलाई भत्काएर लानु त छँदै थियो, उसैगरी मलिला र उर्वर खेतका गराहरुलाई पनि बगाउथ्यो । "खाउँ भने कान्छा बाउँको अनुहार, नखाउँ भने दिनभरिको शिकार" भने भैं खोटाङ्ग जिल्लामा पर्ने सापातेलवासी सामु यस कुलोको विकल्प केही थिएन । उक्त कुलो निर्माण पछि कोदो र फापरको भरमा बाँचेका सापातेलीहरुको लागि सांच्चै चमत्कार नै भएको कुरा आजसम्म स्मरण गर्छन् ।

जसरी जुन उत्साहकासाथ यस कुलोले सापातेलीहरुका मुहारमा रौनकता र ओठमा हाँसो ल्याएको थियो । विस्तारै-विस्तारै कुलोमा चल्ने बाढी र पहिरोहरुले त्यस उत्साहलाई मार्दै लग्यो । उनीहरुले आफ्नै प्रयासमा नयाँकुलो निर्माण गरे । "ओरालो लागेको बाच्छालाई मृगले पनि लखेट्छ अनि दैव लाग्दा खडेरीमा पनि बाढी चल्दछ" भने भैं २०६० माघ महिनामा चलेको पहिरोले नयाँ कुलोको नामनिसान मेटाइ दियो । बाध्यता र परिस्थितिसँग भागेर होइन लडेर जितिन्छ भन्ने विश्वास भएका सापातेलीहरु नयाँ कुलो मर्मत गर्नत सफल भए तर खेतीलाई पुग्ने पानी लान भने असमर्थ भए ।

खोटाङ्ग जिल्लाको सदरमुकाम दिक्तेल बजार देखि ८ कोष दक्षिण पश्चिम अवस्थित छोरम्बु गाविसका वडाहरु ३, ४, ५, ६, ७, ८ र ९ लाई सिँचित गर्ने पुरानो र जिर्णकुलो अर्थात सन् १९५२ सालमा स्थानीय कृषक चतुर्भुज विचारीको अग्रसरतामा खनिएको राजकुलो आरआरएन, खोटाङ्गको ०६१/०६२ सालको योजनामा पर्न सफल भयो । अनि यस कुलोको उपभोक्ता समितिका सापातेलीहरू आरआरएनसँग हातमा -हात मिलाएर अगाडि बढे । उनीहरू योजना सम्पन्न गर्न कम्मर कसेका थिए तर यसलाई पूर्णरुपमा सफल बनाउन त्यति सजिलो थिएन । किनकी कुलोमा चलेका बाढी, पहिरो र विशाल चट्टानहरू यसका निम्ति चुनौती भएर उभिएका थिए । पुरानो कुलोलाई मर्मत गर्न पि.सि.सी. गर्नु पर्दथ्यो जसलाई आरआरएनले दिइएको सिमेन्टसँग बालुवा र गिट्टी चाहिन्थ्यो, जुन उपभोक्ताको भागमा पर्दथ्यो ।

चट्टान काट्नलाई सामाग्रीहरू र पहिरोलाई रोकथाम गर्न तारजाली आरआरएनले उपलब्ध गराएको थियो । तर, जाली भर्ने ढुङ्गा उनीहरूका भागमा पर्दथ्यो । निर्माण स्थानसम्म बालुवा ढुवानी गर्न ५ घण्टाको उकालोसम्म नभनी सापातेलीहरूले जुन इमान्दारीसाथ आफ्नो भागको काम सम्पन्न गरे । उनीहरूले भत्किएको पहिरोलाई बनाउन वैशाखको तातो घाँममा ढुङ्गा कुटाएर गिट्टी तयार गरे अनि बाटामा पल्टिएका हजारौं ढुङ्गाहरू पल्टाएर कुलो निर्माण कार्यमा सफल भए । यो आरआरएन, खोटाङ्गको लागि सधैं अविस्मरणीय रहने छ ।

आरआरएनका प्राविधिक र सामाजिक परिचालकको नियमित निरिक्षणमा सम्पन्न भएको उक्त योजना आज ती सुकेका खेतहरू भिजाउन र उनीहरूको मुहारमा हांसो ल्याउन सापातेलीहरू सफल भएका छन् ।

# बालहितमा बाल सहभागिता

**भरत कुसुवार**
कार्यक्रम अधिकृत, मोरङ्ग



विकासको लागि सहभागिता भन्ने शब्द हाल आएर समुदायका सम्पूर्ण वर्ग, जाति, बालबालिका र महिला पुरुषले बुझ्नु पर्ने विषय बनेको छ । यस विषयमा बालबालिका र महिलाहरु अग्रपंक्तिमा देखिएतापनि विकासको फल चाख्ने मामलामा सधै पछाडि पर्ने त्यही वर्ग छन् । निर्णायक भूमिका समुदायमा अझै पनि पुरुष वर्ग कै हातमा परेको देखिन्छ । विभिन्न संघ संस्थाको सहयोगमा महिलाहरु बचत समूह बनाउँछ, ऋण प्राप्त पनि गर्छन् तर ती प्राप्त ऋण कही लगानी गर्नेदेखि लिएर लगानी पश्चातको आम्दानीमा निर्णायक भूमिकामा भने घरको मूलीको नाताले पुरुष नै हुन्छ । बालबालिकाको सवालमा पनि शिक्षा दिने नदिनेदेखि लिएर जीवनको महत्वपूर्ण निर्णयमा समेत उनीहरु माथि अभिभावकको निर्णय थोपारिएको हुन्छ ।

समुदायमा बालअधिकारको विषयलाई लिएर निकै चर्चासँगै विभिन्न कृयाकलाप पनि हुँदै आएको हामी पाउंदछौ । तर, जहाँ पनि अरुले गरिदिने प्रचलननुसार बालबालिकाको लागि भनेर अरुले नै समूह वा बालक्लब आदि बनाई दिने उनीहरुको आडमा अरुहरुले नै निर्णायक भूमिका निर्वाह गरी दिने प्रचलन अझै व्यापक हुँदै गएको देखिन्छ । विशेष गरी बालबालिकाहरुले उनीहरुकै हितको लागि गरिने कुनै पनि प्रकारको क्रियाशील सहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अझ पनि बालबालिकाको सहभागिता उपस्थिति जगाउने खालको मात्र देखिन्छ । तर, निर्णायक भूमिका खेल्ने प्रकारको सहभागिता नै हामीले भन्न खोजेको बाल सहभागिता हो, जसले बाल अधिकारको सही अर्थमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउँछ ।

बालअधिकार सम्बन्धी आजभन्दा लगभग ८२ वर्ष अगाडि एक प्रकारको युद्ध नै छोड्ने एग्लेन्टाइन जेवको ऐतिहासिक प्रयास देखि लिएर बाल अधिकार सम्बन्धी महासन्धि १९८९ एवं बालबालिकाको लागि विश्व सम्मेलन १९९० जस्ता बालहकहितका वृहत प्रयासले पनि नेपालमा भने सरल अवस्था प्राप्त गरेको अनुभूति नत समाजशास्त्रीय चिन्तकहरुले गरेका छन् नत बालबालिकाहरुले नै । श्री ५ को सरकारको जिम्मेवारी नीति नियम बनाउनु र सके बढीमा मन्त्रालय, विभाग र कार्यालय खडा गरिदिनुमा सिमित छ ।

सरकारको यो प्रयास पनि काठमाण्डौ उपत्यका तथा शहरमा केन्द्रीत मात्र छ । केन्द्रदेखि जिल्ला स्तरसम्म बालकल्याण समिति गठन भएको पाइन्छ । तर बालबालिकाको कल्याण गर्ने सो समितिले केही स्थानमा बाहेक बालदिवस (भाद्र -४ गते) का दिन चक्लेट बांडेर आफ्नो कर्तव्य निर्वाह गर्दछन्। बालअधिकार दिवस पनि मनाउंछन र बालबालिकालाई उनीहरुको इच्छा भए पनि वा नभएपनि मध्यान्हको चर्को घांममा २-३ घण्टा सडकमा ओराल्दछन् र सरकारी कर्तव्य वा जिम्मेवारी पूरा गर्दछन । उता जिल्ला बालकल्याण समितिको भूमिका भने बैठक बसेर निर्णय पास गरे पुग्छ । बालबालिको अवस्था कस्तो छ, समितिलाई थाहा छैन ।

केही समय अगाडिसम्म अरु कुरा केही नभए पनि स्थानीय विद्यालयमा बालबालिकाहरु निर्धक्कसँग आउने जाने र अध्ययन गर्ने, खेल्ने, रमाउने गर्दथिए । तर हाल यो अवस्था पनि छैन । बालबालिका कसरी असुरक्षित छन भन्ने विषयमा अब देशका कुनै पनि व्यक्तिलाई कुनै उदारहणको आवश्यकता पर्दैन । उनीहरु विद्यालय हाता भित्र पनि असुरक्षित छन् । बालबालिकाका कलिला हातले कलम कपी र किताबको सट्टा बन्दुक र गोली समाउन परिरहेको छ । उनीहरु माओवादी र सरकारी सेनाबीचको गोली हानाहानको चपेटामा परेका छन् । अझ युद्धमा प्रयोग हुने बम तथा बारुदहरु जथाभावी छाडिदिंदा बालबालिकाहरुले खेल्ने ठाउँ पनि सांघुरिदै गएको छ। अबत बालबालिकाहरुलाई कसैले तिमी भविष्यमा के बन्ने ? भनेर सोधे उसले कस्तो उत्तर देला भन्ने कौतुहलको समेत समाप्ति भएको स्थितिमा बालअधिकार संरक्षणको लागि अब के गर्ने ? भन्ने प्रश्नको जवाफ नत सरकारसँग, नत राजनीतिक दलसँग, नत अभिभावकसँग र नत नागरिक समाजसँग नै पाइन्छ ।

बालबलिकाहरुले यो नियति अझै कहिलेसम्म भोग्नु पर्ने ? यसको समाधानको उपाय केही पनि छैन त ? बालबालिकाहरूको अधिकारको बारेमा कुरा उठ्न थालेको यति लामो इतिहास पश्चात पुनः शुरुकै अवस्थामा बालबालिका बाँच्न, बाबालबालिकाको यस्तो स्थितिलाई न्यूनिकरण गर्न, बालबालिकाको लागि स्थानीय संघ संस्थाहरूलाई समेत समावेश गर्दै नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन भन्ने बारेमा दुई मत नहोला । तर बालबालिको सहभागिता मात्रै बालहित र त्यसको निर्णायक भूमिकाको लागि हो भने सबैले सोच्ने बेला भैसकेको छ । ✍


# जानकारी

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले आधारभूत कानुनी जानकारी पुस्तिका प्रकाशित गरेको छ । यसमा निम्न विषयहरू समावेश गरिएका छन् ।**

- ✍ महिलाको सम्पति सम्बन्धी अधिकार
- ✍ अपुताली सम्बन्धी कानुनी व्यवस्था
- ✍ विहेबारी
- ✍ सम्बन्ध विच्छेद
- ✍ लिखत सम्बन्धी व्यवहारिक ज्ञान
- ✍ जबरजस्ती करणी
- ✍ गर्भपतन
- ✍ लुटपिट
- ✍ कुटपिट
- ✍ बालबालिका सम्बन्धी कानुनी जानकारी
- ✍ जीउ मास्ने बेच्ने
- ✍ नागरिकता
- ✍ परिशिष्टहरू (निवेदन/तमसुकका ढाँचाहरू)

## आरआरएन, सुनसरी

### नयाँ संसारलाई आरआरएनको सहयोग

नयाँ संसारको निर्माण गर्छु भनेर यदि यहाँहरु मध्ये कसैले सोच्दै हनुहुन्छ भने अब तपाईको एक्लो प्रयासले मात्र नयाँ संसारको निर्माण हुन असम्भव छ । हरेक कुराहरुलाई सफल पार्न समूह एकताको जरुरत पर्दछ । एक उदाहरण सुनसरी जिल्ला, इटहरीमा केही पत्रकारहरुको समूहले पनि देखाएका छन् । उनीहरुले पत्रकारितामा समतामूलक समाज निर्माणको उद्देश्य प्राप्तिका लागि विगत आठ महिनादेखि इटहरीबाट नियमित "हाम्रो नयां संसार" पाक्षिक पत्रिका प्रकाशित गरी देश तथा विदेशका हजारौ पाठकहरुको मन जित्न लागिपरेका छन् ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले नयाँ संसारको निर्माण सहयोगको लागि ८० हजार रुपियाँ बराबरको लेजर प्रिन्टरसहित कम्प्यूटर प्रदान गरेर उनीहरुको संघर्षमा नयाँ उत्साह थपिदिएको छ । उक्त पत्रिकाको नयाँ संसार निर्माण गर्ने निस्वार्थ भावनालाई बुझ्रेर आरआरएनले पु-याएको सहयोगप्रति पाक्षिकका सम्पादक श्री अर्जुन उप्रेतीले आभार व्यक्त गर्नुभएको छ । वहांले आगामी दिनमा नयाँ संसारको निर्माणको लागि आरआरएनसंग निरन्तर सहकार्यको लागि समेत आफूहरु तयार रहेको बताउनु भएको छ ।

कम्प्युटर हस्तान्तरण समारोहलाई उत्साहका साथ सम्बोधन गर्दै आरआरएनका पूर्वाञ्चल क्षेत्रिय प्रमुख श्री कुलचन्द्र दाहालले पाक्षिक र हाम्रो उद्देश्य एउटै भएकोले सानो सहयोग उपलब्ध गराएको जानकारी दिनुभयो । अझ वहांले भन्नुभयो- "यो पत्रिकाले ग्रामीण समुदायमा लुकेका सूचनाहरुलाई बाहिर ल्याउने काम गरेको छ । यो अत्यन्त प्रशंसनीय कार्य हो । निरन्तर समतामूलक समाज निर्माणको नारा लिएर अगाडि बढिरहोस् भन्ने कामना गर्न चाहान्छु । आगामी दिनहरुमा समेत सहकार्य र सहयोगको लागि हामी तयार छौ ।"

कार्यक्रममा आरआरएन सुनसरीका समन्वयकर्ता श्री दिनेश अर्यालले हाम्रो नयाँ संसार पाक्षिकको प्रकाशन भएदेखि नै समन्वय रहदै आएको र पत्रिकाहरुको भीडमा आवाजविहीनहरुको आवाजलाई सशक्तरुपमा पाठकहरुसामु पु-याएर आफ्नो क्षेत्रलाई नौलो रुप दिन सफल भएको कुरा व्यक्त गर्नुभयो । गैरसरकारी संस्था सीसीका सुनसरी अध्यक्ष श्री पुष्प भट्टराईले पनि उक्त पत्रिकाको सफलताको प्रंशसा गर्नुभयो साथै ग्रामीण भेगका छाँयामा पारिएका वर्ग तथा विषयवस्तुलाई पत्रकारितामा समेट्न सफल भएको नयाँ संसारलाई सबैले सबै पक्षबाट तन, मन र वचनले सहयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । त्यस्तै गरेर आरआरएनका सामाजिक परिचालक श्री चन्द्र अधिकारी र अभियान नेपालका श्री कृष्णप्रसाद भट्टराई ले पनि यस विषयमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रममा आरआरएनका श्री राजेन्द्र अधिकारी, श्री नविन कार्की र श्री रश्मी शर्माको पनि उपस्थिति रहेको थियो ।

### स्वरोजगारमूलक तालिम

स्वरोजगारमूलक शिक्षाको महत्व हिजोआज विश्वभर भै बढीरहेको छ । स्वरोजगारमूलक शिक्षा हासिल गर्ने जो कोही जागिर नपाएपनि आफ्नै सीपबाट बाँच्न सक्दछ । त्यसका लागि स्वरोजगारमूलक शिक्षा लिन आवश्यक छ । सोही मान्यतालाई ध्यानमा राखी ग्रामीण क्षेत्रको विकासमा लामो समयदेखि कार्यरत आरआरएनले ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत पूर्वी नेपालको विभिन्न स्थानमा स्वरोजगारमूलक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

सामाजिक, आर्थिक परिवर्तनका लागि

स्वरोजगारमूलक शिक्षा तालिमको आयोजना गरिएको कुरा आरआरएन पूर्वाञ्चल क्षेत्रिय कार्यालय विराटनगरका प्रमुख कुलचन्द्र दाहालले बताउनु भयो । दाहालको अनुसार यस वर्ष पूर्वाञ्चलका १ सय २० जना युवायुवतीहरुलाई स्वरोजगारमूलक तालिम प्रदान गरिने लक्ष्य छ । सोही अनुसार सुनसरीको इटहरीमा २ महिने इलेक्ट्रोनिक्स र आधारभूत पत्रकारिता तालिम, मोरङको उर्लाबारीमा ग्रामीण पशु कार्यकर्ता र ग्रामीण कृषि कार्यकर्ता, धरानमा पलम्बिङ तथा अटोमोबाइल्स र चितवनमा हाउस वायरिङ तालिम सुरु भइरहेको छ । उक्त तालिममा गरिब, दलित र जनजातिलाई बढी प्राथमिकता दिइएको कुरा पनि बताउनुभयो ।

नेपालको ३५ जिल्लामा आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दै आएको आरआरएनले गएको वर्ष पूर्वाञ्चलका ६० जनालाई स्वरोजगारमूलक तालिम प्रदान गरिसकेको र उनीहरु आत्मनिर्भर समेत भएको पूर्वाञ्चल तालिम संयोजक श्री दिनेश अर्यालले बताउनुभयो ।

## विद्यालय भवन निर्माण

आरआरएन, सुनसरीद्वारा बालबालिकाको उज्वल भविष्यको लागि शैक्षिक संस्थाहरुमा भौतिक पूर्वाधार सम्पन्न बनाई संरक्षण गर्न दुई विद्यालय भवनहरु– राष्ट्रिय माध्यमिक विद्यालय र ज्योति माध्यमिक विद्यालय निर्माण गरी हस्तान्तरण गरिएको छ । भवन निर्माण विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री कल्याण बहादुर कार्कीलाई आरआरएन, सुनसरीका समन्वयकर्ता श्री दिनेश अर्यालले हस्तान्तरण गर्नु भएको हो ।

आरआरएनको ७० हजार २ सय ९ रुपियां २० पैसा र विद्यालयको ३१ हजार १ सय १६ रुपियां गरी कूल १ लाख एक हजार ३ सय २५ रुपियाँ २० पैसामा २ कोठे पक्की भवन निर्माण सम्पन्न गरिएको छ । उक्त भवन हस्तान्तरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्री दुखनलाल चौधरी, आरआरएनका सिभिल इन्जिनियर सुश्री रश्मी शर्मा, सामाजिक परिचालक सहायक श्री चन्द्र अधिकारी, श्री सबिता मोक्तान र सबओभरसियर सुश्री बबिता विष्टको उपस्थिति रहेको थियो ।

त्यसैगरी आरआरएनको १ लाख १९ हजार ७ सय ७ रुपैयां ७२ पैसा र विद्यालयको २ लाख ८३ हजार ३ सय १९ रुपियाँ ४४ पैसाको लागतमा निर्माण सम्पन्न हाँसपोसा १ को राष्ट्रिय माध्यमिक विद्यालयको २ तल्ले भवन पनि हस्तान्तरण गरिएको छ । विद्यालय निर्माण समितिका अध्यक्ष श्री अग्नीप्रसाद ढकाललाई एक कार्यक्रमको आयोजना गरी आरआरएन समन्वयकर्ता अर्यालले नै हस्तान्तरण गर्नु भएको थियो ।

## उपभोक्ता जागरुक नभएसम्म विकास असम्भवः न्यायाधीश

सुनसरी जिल्ला अदालतका न्यायाधीश श्री शेखरप्रसाद पौडेलले स्थानीय उपभोक्ता जागरुक नभएसम्म विकास निर्माणका कामहरु सफल हुन नसक्ने बताउनुभएको छ । पौडेलले नेपाल ग्रामीण पुनर्निर्माण संस्था, अभियान नेपाल, स्थानीय संघ/संस्था र समुदायको सहयोगमा निर्माण भएको मुसहर उत्थान सामुदायिक भवन उद्घाटन तथा हस्तान्तरण कार्यक्रमलाई मंगलबार सम्बोधन गर्दै सो कुरा बताउनुभएको हो । आफ्नो गाउँठाउँको विकास गर्न आफूहरु लागे मात्र सहयोग गर्ने दाताहरुको हात बढ्न सक्ने र विकास निर्माणमा सम्पूर्ण समुदायहरु एक भएर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल ग्रामीण पुनर्निर्माण संस्था, सुनसरी समन्वयकर्ता श्री दिनेश अर्यालले सधैंभरी आफ्नो गाउँ घरमा दाताहरु नआउन सक्छन्, त्यसकारण मुसहर समुदायहरुनै क्रमशः सक्षम हुँदै जानुपर्ने कुरा बताउनु भयो । यस कार्यक्रममा नेपालका अध्यक्ष श्री केशव दाहाल, जिल्ला विकास समिति सुनसरीका पूर्व जिल्ला सदस्य श्री प्रेमप्रसाद भट्टराई, स्थानीय श्री लोकेन्द्र सन्जेल, अभियान नेपालका श्री कृष्णप्रसाद भट्टराई, मुसहर उत्थान समाजका सचिव श्री राजेन्द्र सदाले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## आरआरएन, दाङ

# नेपाल ग्रामीण पुनर्निर्माण संस्था दाङद्वारा गाउँ बचाउनमा सहयोग

आरआरएन, दाङ्गद्वारा संचालित कार्यक्रमहरु मध्ये दाङ्ग जिल्लाको गंगापरस्पुर गाविस वार्ड नं. ९ मा स्थित धर्मापुर, टकियापुर र बोधिपुर गाउँहरु पनि रहेका छन् । यस तिनवटा गाउँमा जम्मा १४१ घरधुरीका जम्मा १,०८३ जना समुदायहरु बसोबास गर्ने गर्दथे ।

जब २०५९ सालमा यस गाउँहरुमा राप्ती नदी पसेपछि ती तिनवटा गाउँनै रहेन । धान मकै



लगायतका सबै अन्न बालीहरु र पशुपंक्षीहरु तथा रुख बिरुवाहरु सबै राप्ती नदीले बगाएपछि धर्मापुर गाउँ बाहेक टकियापुर र बोधिपुर गाउँका मानिसहरु झली भन्ने जंगलमा स-साना झुपडी बनाएर शिविरको रुपमा बस्न बाध्य भए। हिजोसम्म २ कठ्ठा देखि १ बिघासम्मको मालिक रहेका त्यहाँका थारु जातिका समुदायहरुले आफ्नो गाउँ छोड्न बाध्य बनायो। उनीहरु अधिया खेती गरेर जीविका निर्वाह गरिरहेक थिए । यस्तो समस्या देखेर यस संस्थाले उक्त तिनवटा गाउँहरुलाई डुवान हुनबाट बचाई समुदायलाई पुनर्स्थापित गर्नको लागि नदी नियन्त्रण कार्यक्रम संचालन गऱ्यो ।

हाल उक्त योजना सम्पन्न भएपछि टकियापुर, बोधिपुर र धर्मापुर गरी ३ गाउँको मानिसहरुका जीवनस्तरमा सुधार आएको देखिन्छ भने विस्थापित भएका मानिसहरु आ-आफ्नै गाउँमा फर्केका छन् । अब उनीहरुले आफ्नो खेतबारीमा अन्न रोप्न पाउने कुरामा विश्वस्त छन् । टकियापुरको झली शिविरमा बस्ने श्रीमती रामप्यारी चौधरीले खुसी हुँदै भन्नु हुन्छ "अब त आफ्नै खेतबारीमा खेती गरिन्छ सायद यो साल त अरुलाई हात जोड्नु पर्दैन होला ।" त्यस्तै गरेर बोधिपुर निवासी श्री मालिकराम चौधरी भन्नु हुन्छ, "अबत यो गाउँलाई राप्तीले बगाउन सक्दैन । आरआरएनले हाम्रो गाउँ बचाउनमा धेरै सहयोग गरेको हुंदा उक्त संस्थालाई हामी धेरै धन्यवाद दिन्छौं । हाम्रो गाउँको मुहार नै फेरियो ।"

## आरआरएन, कञ्चनपुर

# मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानून विषयक कार्यशाला

जुन ३, २००५ मा अनौपचारिक क्षेत्र सेवा (इन्सेक) को शान्तिका लागि अभियान कार्यक्रमको आयोजनामा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानून विषयक एक दिने कार्यशाला निर्माण व्यावसायिक संघको सभाकक्ष महेन्द्रनगर कंचनपुरमा सम्पन्न भयो ।

कार्यशालामा वर्तमान असहज परिस्थितिमा मानवअधिकार र मानवीय कानूनको उल्लंघन र ज्यादतिका शृंखला बढेको औल्याइएको थियो भने राष्ट्रसंघको नेपालमा उपस्थिति रहेको वर्तमान अवस्थामा राज्य र गैर राज्य पक्षहरुले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको सम्मान र मानवीय कानूनको पालना गर्नुपर्ने कुरामा जोड दिइएको थियो । मानवअधिकारका लागि शान्ति अभियानका संयोजक श्री चम्फासिं भण्डारीको अध्यक्षतामा संचालित उक्त गोष्ठीमा प्रमुख अतिथि पुनरावेदन अदालतका मुख्य न्यायाधीश श्री हेमनारायण धितालले गर्नुभएको थियो ।

विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा पृतनाका सहायकरथी श्री दमन ब. घले, आरआरएन कन्चनपुरका जिल्ला संयोजक श्री भानु पराजुली र राजनीतिक पार्टीका तर्फबाट एमाले जिल्ला सचिव श्री राजेन्द्रसिं रावल आदिले बोल्नु भएको थियो ।

## दातृ निकायका आधारभूत मार्गनिर्देशन विषयक गोष्ठी

जुन ९, २००५ मा अनौपचारिक क्षेत्र सेवा (इन्सेक) को आयोजनामा नेपालमा कार्यरत १० अन्तर्राष्ट्रिय दातृ निकायले प्रस्तुत गरेका आधारभूत कार्य संचालन मार्गनिर्देशनहरु माथि छलफल तथा अन्तर्क्रिया भएको थियो ।

स्थानीय विकास अधिकारी श्री अमल किरण ढकालको प्रमुख आतिथ्यमा संचालन भएको उक्त गोष्ठीमा कंचनपुरका पूर्वसभापति श्री ऋषिराज लुम्साली, इन्सेकका क्षेत्रीय संयोजक श्री खड्गराज जोशी, आरआरएनका संयोजक श्री भानु पराजुली, पत्रकार महासंघ कञ्चनपुरका श्री युवराज घिमिरे आदिले बोल्नुभएको थियो । गोष्ठीमा वर्तमान अवस्थामा यी मार्गनिर्देशनहरुको पुनरावोलकन गर्नुपर्ने कुरा औंल्याइएको थियो भने पारदर्शिता, जवाफदेहिता जस्ता कुरामा व्यवहारत सरकारी र गैर सरकारी क्षेत्रमा कार्यरत सबै कटिबद्ध र स्पष्ट हुनुपर्ने जस्ता कुराहरु राखिएका थिए ।

## बालश्रम विरुद्ध विश्व दिवस (जुन १२) को ऐक्यबद्धता कार्यक्रम

जुन १२, २००५ मा आईएलओ आइपेकको सहयोगमा उद्योग बाणिज्य संघ, कन्चनपुर महेन्द्रनगरले बालश्रम विरुद्धको विश्व दिवसको अवसरमा बालश्रम रोकौ भन्ने नाराका साथ शान्ति ऱ्यालीको आयोजना गरेको थियो । खानीमा कठिन काम गर्न बाध्य बालबालिकाको सम्झनामा चौथो पटक मनाउने क्रममा राष्ट्रिय तथा स्थानीय संघसंस्थाको ऐक्यबद्धता शान्ति ऱ्याली उद्योग बाणिज्य संघको हलमा गएर सभामा परिणत भएको थियो । सो अवसरमा आरआरएन कन्चनपुरको समेत ऐक्यबद्धता रहेको थियो भने स्थानीय होटल तथा कारखानामा काम गर्ने १०० बालश्रमिकहरुलाई टिसर्ट वितरण गरिएको थियो। जसमा आरआरएनले पनि सहयोग गरेको थियो । कार्यक्रममा आइएलओका फिल्ड अफिसर श्री राजु खनाल, उद्योग बाणिज्य संघका अध्यक्ष श्री शिवराज पाण्डे, आरआरएनका संयोजक श्री भानु पराजुली, च्यानेल नेपालका श्री कर्ण बोहरा, विश्व शिक्षाका श्री शेर बहादुर केसी आदिको उपस्थिति रहेको थियो ।

## कालिका सडक पुनर्निमाण कार्य सम्पन्न

बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग – DFID को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था–आरआरएनद्वारा संचालित 'ग्रामीण पूर्वाधार विकास तथा जीविकोपार्जन सहयोग कार्यक्रम– RCILSP अर्न्तगत कञ्चनपुर, कालिका गाविस वडा नं ९ ढक्काटोल स्थित करिब डेढ किमी सडक हालै सम्पन्न भएको छ ।

समुदायमा आधारित तथा समुदायको छनौट र योजनामा पुनर्निर्माण गरिएको उक्त सडकमा जम्मा पाँच लाख दश हजार पचहत्तर रुपैयाँको लागतमा सम्पन्न भएको कुरा सडक निर्माण योजना समितिका संयोजक स्थानीय श्री भजन लाल रानाले 'जनलेखा परिक्षण Public Auditing) मार्फत विवरण प्रस्तुत गर्नुभयो । जसमा आरआरएनका सामाजिक परिचालक अधिकृत श्री हरिराम चौधरीले जनलेखा परिक्षणमा सहजीकरण गनुभएको थियो । उक्त कार्यमा आरआरएनको सामाजिक र प्राविधिक सहयोगकका साथ ४० प्रतिशत आर्थिक सहयोग रहेको थियो भने बाँकी समुदायको जनश्रमदान रहेको कुरा जानकारी गरियो ।

यस्तै बागेश्वरी मा. वि. परासन गाविस ३ का लागि स्कूल फर्निचर सहयोग कार्यक्रम अन्तर्गत जम्मा एक लाख छयत्तर हजार दुइसय बराबरको खर्चमा ६० सेट डेक्स बेन्च निर्माण गरिएकोमा २८.५ प्रतिशत आरआरएन र बाँकी स्कूल

समुदायले बेहोरेको कुरा जनलेखा परिक्षण मार्फत सचिव श्री दिल्ली प्रसाद शर्माले जानकारी दिनुभयो । उक्त जनलेखा परिक्षणमा सहजीकरण आरआरएनका ओसी कृष्ण भट्टले गर्नुभएको थियो ।

## आरआरन, बाँके

## चेतना दैवीप्रकोप समूह झरकट्टी

आरआरएन, बाँकेले दैवीप्रकोप तथा पूर्वतयारी व्यवस्थापन गर्ने अभिप्रायले जिल्लाको कोहलपुर गाविस, वार्ड नं. ८ मा स्थानीय बासिन्दाहरुको सक्रिय सहभागितामा ४ वटा समूह निर्माण गरी काम गरेको छ । त्यहाँ बस्ने ६८ घर परिवार ऐलानी जग्गामा सुकुम्बासीको रुपमा बसोबास गर्दै आइरहेका छन् । ७५ प्रतिशत दलित र जनजातिको बाहुल्यता रहेको यस ठाउँमा धेरैजसो मानिसहरु जाजरकोट तथा सल्यानबाट बसाइँ सरेर आएका छन् ।

संस्थाले काम गर्न थालेपछि विभाजित समूहका व्यक्तिहरुलाई विभिन्न चरणमा फरक फरक विषयमा तालिम दिदै आएको छ। जाजरकोट, टाले गाउँ विकास समिति पजारुबाट बसाइँ सरी कोहलपुर- ३ झरकट्टीमा विगत केही वर्षदेखि बसोबास गर्दै आएका नर बहादुर चलाउने भन्नुहुन्छ, “संस्थाले समूहका मानिसहरूलाई ६ चोटि तालिम दियो। एकचोटि भ्रमणमा पनि लग्यो र यसले हामीलाई धेरै व्यवहारिक सीप तथा ज्ञान सिकाएको छ।” त्यस्तै समूहका अर्का महिला सदस्य शोभा विकको भनाई छ, “नजीकै बग्ने डुडुवा नालामा संस्थाले तटबन्धनका काम गर्दा हामीलाई ईश्वर आए जस्तो लागेको छ र दैवीप्रकोप पूर्वतयारी तथा यसबाट हुने पीडा न्यूनिकरणका लागि विभिन्न उपायहरू सिकाएको छ । यसलाई हामीले समूह तथा व्यक्तिगत जीवनमा अत्यन्तै प्रभावकारी रुपमा लागू गरिरहेका छौं ।

यस आरआरएनले डुडुवा नालाले हामीलाई आज या भोली बगाउने हो भन्ने अवस्थाबाट धेरै हदसम्म बँचाएको छ ।” समूहका अधिकांश व्यक्तिहरू कोहलपुर तथा नेपालगञ्ज शहरमा दैनिक ज्यालादारीमा काम गर्ने गर्छन् भने केही व्यक्तिहरू दाउरा बेचेर जीविका चलाउंछन् ।

## कालिका दैवीप्रकोप व्यवस्थापन समिति

शतप्रतिशत सुकुम्बासीहरूको बसोबास रहेको बाँके जिल्लाको कोहलपुर - १, कालिकानगरमा सुर्खेत, दैलेख तथा जाजरकोटबाट बसाइँ सरी २० प्रतिशत दलित, ५० प्रतिशत क्षेत्री/बाहुन तथा ३० प्रतिशत अन्य जनजाति रहेकाछन् भने करीब ३०० घरपरिवार रहेको सो स्थानमा आरआरएनले ६ वटा उप-समिति र एउटा मूल समिति बनाएको छ ।

यस आरआरएन, संस्थाले समूहबाट छानिएका सहभागीहरूलाई विभिन्न चरण गरी ५ चरणमा फरक-फरक विषयमा दैवीप्रकोप व्यवस्थापन तथा पीडा न्यूनिकरण सम्बन्धी तालिम दिएको छ । यसबाट सिकेका कुराहरू समूहका सदस्यहरूले प्रभावकारी रुपले व्यवहारमा लागू गरिरहेका छन् । यसै सन्दर्भमा उनीहरू भन्छन्, “हामीले मानवीय क्षतिलाई कसरी कम गर्ने भन्ने कुरा सिक्यौं भने दैवीप्रकोपबाट कसरी पूर्वतयारीमा सजक भएर बस्ने भन्ने बारेमा स्पस्ट भयौं ।” समूहले आरआरएन कै सहयोगमा नमूना नर्सरी पनि स्थापना गरेको छ ।

नर्सरीमा बाँस, पिपल, सिरिस लगायतका बीउहरू राखिएको छ । मूल समितिका अध्यक्ष श्री नर बहादुर मल्ल भन्छन्, “संस्थाले हाम्रोलागि धेरै फाइदाजनक काम गरेको छ र यसले सिकाएको काम र सीपलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं । यस संस्थाले बग्न लागेको गाउँलाई तटबन्धनको काम गरेर जोगाउने काम गरेको छ ।”

उनीहरू चाँडै नै यस समूहलाई संस्थागत रुप दिने प्रयासमा छन् र विधान पनि तयार पारिसकेका छन् । यस ठाउँमा बसोबास गर्ने करीब ७५ प्रतिशत मानिस दाउरा बेचेर जीविका चलाउंछन् भने बाँकी २५ प्रतिशत जनसंख्या मात्र व्यापार तथा नोकरी गर्छन् ।